# धर्मकीर्ति

धर्मकीर्ति
The Dharmakirti

बु.सं. २५६५, ञला: पुन्हि




धर्मकीर्ति विहारमा स्थापित भिक्षुणी महाप्रजापति गौतमीको प्रतिमा
*(यँया पुन्हिका दिन उहाँ अस्सी वर्षको उमेरमा भिक्षुणी प्रव्रजित हुनु भएको उपलक्ष्यमा स्थापित)*

वर्ष: ३९, अङ्क: ४

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो



## दिवंगत निररत्न ताम्राकार

*बुदिंः ने.सं. १०४८*
*मदुगुदिंः ने.सं. ११४१ बछलाथ्व, चौथी*



## दिवंगत पूर्णकुमारी ताम्राकार

*बुदिंः ने.सं. १०४९*
*मदुगुदिंः ने.सं. ११४१ बछलाथ्व, दशमी*

*ज्याठा, काठमाडौं*

कुलरत्न ताम्राकार पुचलय् च्वंपिं सकल जहान परिवारपिनि
प्रियजनपिं निररत्न ताम्राकार ९३ दँया वैशय् वंगु ने.सं. ११४१ बछलाथ्व चौथी कुन्हु
व
पूर्णकुमारी ताम्राकार ९२ दँया वैशय् ने.सं. ११४१ बछलाथ्व दशमी कुन्हु थुगु
भवसंसारयात तोताः झाल ।
वय्कःपिं निम्हस्यां परलोक जीवन सुगतिमय जुयाः याकनहे
निर्वाण सुखया हेतु नं चूलाय्मा धकाः कामना यासे पुचलं पुण्यानुमोदन यानागु जुल ।
*भवतु सब्ब मंगलम् ।*

# कुलरत्न ताम्राकार पुचः

## सम्पूर्ण छ्यँजःपिं

मरु इलाछेँ, यैँ

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ५३५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोनः ५३५९४६६**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

*व्यवस्थापक*

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघः नघःटोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

बुद्ध सम्बत् २५६५

नेपाल सम्बत् ११४१

इस्वी सम्बत् २०२१

बिक्रम सम्बत् २०७८

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी | |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति


(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**20th SEPT 2021**

| वर्ष- ३९ | अङ्क- ६ | ञया: पुन्हि | आश्विन २०७८ |
|---|---|---|---|


**यस्स जितं ना'व जीयति**
**जितमस्स नो याति कोचि लोके**
**तं बुद्धम'नन्तगोचरं**
**अपदं केन पदेन नेस्सथ ?**

गुम्हसिया त्याःगुयात हानं बुके फैमखु
गुम्हसिया त्याकेधुंगु राग द्वेष मोह
हानं ल्याहाँ वैमखु, उजाःम्ह अनन्त गोचर जुया बिज्याःम्ह
पथ मदुम्हसित गुगु पथं यंकेत्यना ?

जसको विजय फेरि पराजयमा परिणत हुन सक्दैन, जितिसकेको राग, द्वेष आदिले फेरि जसलाई पिछा गर्न सक्दैन । जसलाई मार्गको प्रयोजन छैन अनन्तका ज्ञानी र मार्ग रहित भएका त्यस्ता बुद्धलाई कुन बाटो लैजान्छौ ?

He whose conquest cannot be conquered again into whose conquest no one in this world enters, by what track can you lead him,the awakened the omniscient the trackless ?

## विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | लोक नीति | – अनु. भिक्षु अनिरुद्र | २ |
| ३) | सम्पादकीय - भिक्षुणी प्रजापती गौतमी प्रतिमा स्थापनाको महत्त्व | – | ३ |
| ४) | धर्मको स्वरुप | – | ६ |
| ५) | स्वेतगौं चैत्य | – जवनवती गुरुमां | ९ |
| ६) | उपासक बखतबहादुर चित्रकारको गुणानुस्मरण | – | १२ |
| ७) | शाक्यहरूको स्वर्णयुग | – भुवनलाल प्रधान | १३ |
| ८) | अनन्त ज्योति–४ | – अनु. देवकाजी शाक्य | १७ |
| ९) | शाक्यधीता एक छोटो चिनारी | – ताराकेशरी ढुंगाना | १८ |
| १०) | थ्व नश्वर देश मय्‌ल जित: | – माधवी गुरुमां | १९ |
| ११) | लक्षण जातक | – प्रकाश बज्राचार्य | २० |
| १२) | पट्ठान पाठ सम्पन्न | – | २१ |
| १३) | नेक्खमी गुरुमां सम्मानित | – | २२ |
| १४) | एकपल्ट विचार विमर्श गरौं | – | २३ |
| १५) | गुंला पर्व (२०७८ साल) श्रावण-भाद्र २३) बुद्ध पूजा र देशना | – | २४ |


# लोक नीति

**कोधं विहित्वा न कदाचि सोचे**
**मक्खप्पहानं इसयो वण्णयन्ति**
**सब्बेसं फरुसं वाचं खमेथ्**
**एतं खन्ति उत्तममासु सन्तो**

भावार्थ- क्रोध (रीस) लाई, त्याग गर्न सकेपछि कहिल्यै पनि शोक गर्नुपर्ने छैन, लोभ अर्थात् कंजुसी भावलाई त्याग गर्नेलाई ऋषिमुनिहरूले प्रशंसा गर्छन् सबैको कडा वचन, 'असभ्य' फोहरी गालिलाई क्षमा र सहन गर्ने यस्तो क्षमालाई नै तथागत आदि ज्ञानी, सत्पुरुषहरूले श्रेष्ठ, असल क्षमा भनेका छन् ।

**पदुमं व मुखं यस्स वाचा चन्दन सीतलं**
**तादिसं नोपसेवेय्य, हृदयेसु हलाहलं**

भावार्थ- जुन मानिसको मुख कमलको फूलजस्तै हुन्छ, बोलीवचन श्रीखण्ड जस्तो शीतल हुन्छ, (त्यसो भए तापनि) जसको हृदयमा हलाहल विष भरीरहन्छ, त्यस्तो मानिसको संगत नगर्नु ।

*अनुवादक - भिक्षु अनिरुद्र*

## THE APHORISMS OF ASHIN JANKABHI VAMSA

**THE GOLD POT**
- People think only charity is pot of gold.
In fact, morality, mental stability and wisdom are also gold pots. They are as rich as charity.

**DEFEATIST MOTIVE**
- People do not care to put up a struggle against the situations cropping up, but they think of accepting them with defeatist motive.

**DO IT REGULARLY**
Just as you take your meals at regular hours.
So also you should do insight Meditation regularly

**GOOD LUCK AND GOOD DEED**
Don't wait for good luck, Make good luck by doing good deeds.

**BE HAVE WELL**
Behave well so that, first, people have a high esteem for you, second, celestial beings, devas have esteem for you, and third, you have esteem for hourself.

**THEY AND WE**
If they are rich in gold, we are rich in morality (Sila);
If they are rich in silver, we are rich in mental stability (Samadhi)
If they are rich in diamonds, we are rich in mindfulness (Bhavana)

## ▪ सम्पादकीय ▪

# भिक्षुणी प्रजापती गौतमी प्रतिमा स्थापनाको महत्त्व

आजभन्दा २६४५ वर्ष अगाडि वैशाख पूर्णिमाको दिन लुम्बिनी बनमा सिद्धार्थकुमारको जन्म माता महामायादेवीको कोखबाट भयो । उहाँले जन्म लिनुभएको ५ दिन पश्चात् उहाँको जन्म कुण्डली (चिना) लेखाइयो । ज्योतिषले उहाँ गृहस्थमा रहे चक्रवती राजा हुने र गृहस्थ त्यागे सम्यक सम्बुद्ध हुने भविष्यवाणी गरेका थिए । तर कालदेवल ऋषिले भने सिद्धार्थ कुमार सम्यक सम्बुद्ध नै हुने भविष्यवाणी गरेका थिए ।

सिद्धार्थ कुमार जन्मिएको ५ दिन पश्चात प्रजापति गौतमीले नन्दकुमारलाई जन्म दिइन् । सिद्धार्थ कुमार जन्मिएको ७ दिन पश्चात् उहाँका माता महामायादेबीले आफ्नो नश्वर देह त्याग गरिन् । आफ्नी दिदी परलोक भएको कारणले प्रजापति गौतमीले दिदीको छोरा सिद्धार्थ कुमारलाई आफूले स्तनपान गराई मातृस्नेह प्रदान गरिन् भने आफ्नो पुत्र नन्द कुमारलाई धाई आमाको हातमा स्तनपान गराउन सुम्पिदिइन् ।

यसरी आफ्नी दिदीको सन्तानलाई स्याहार्न आफ्नो सन्तानलाई त्याग्न सक्ने महाप्रजापति गौतमीको महानतालाई यहाँ मुल्यांकन गर्न सकिन्छ । निस्वार्थ एवम् विशाल हृदय भएकी महाप्रजापति गौतमी जस्ती स्वच्छ हृदयी नारी आजको स्वार्थपूर्ण दूषित संसारमा खाँचो रहेको महसूस गरिन्छ ताकि हामीले उहाँको आदर्श लिई हामी पनि त्यस्तै पवित्र बन्न सिकौं ।

आजभन्दा २६१० वर्ष अगाडि वैशाख पूर्णिमाकै दिन सिद्धार्थ कुमारले बुद्धत्व प्राप्त गर्नुभई भगवान् बुद्ध हुनुभयो बुद्ध गयामा । बुद्ध हुनुभएको एकवर्षपछि वैशाख पूर्णिमाकै दिन शुद्धोदन महाराज (बुबा) को निमन्त्रणामा उहाँ कपिलवस्तु आइपुग्नु भयो । समय वित्दै गयो भगवान् बुद्धको धर्मोपदेश सुनी महाराज शुद्धोदन क्रमशः स्रोतपन्न, सकृदागामी, अनागामी र अरहन्त भई भाग्यमानी बन्नुभयो । यसरी बुद्ध बुबाको ऋणबाट मुक्त हुनुभयो ।

त्यसपछि सानी आमा (शुद्धोदन महाराजा कान्छी महारानी) प्रजापती गौतमी पनि स्रोतापत्ति मार्गफल प्राप्त गर्न सफल भइन् । यसरी भगवान् बुद्ध आफूलाई निस्वार्थ पूर्वक स्तनपान गराई हुर्काउनु हुने सानी आमाको ऋणबाट पनि मुक्त हुनुभयो ।

शुद्धोदन महाराज अरहन्त हुनुभएको एक साता भित्रनै महाराजाकै...परिनिर्वाण हुनुभयो । बृद्धावस्थामा पुग्नुभएका शुद्धोदन महाराजको सेवा सश्रुषा गरी बस्नुभएकी महाप्रजापति गौतमीलाई यस घटनाले शोक र दुःख लाग्नु त स्वभाविक नै भयो ।

बुद्ध धर्म संघको महत्त्व बुझिसकेकी महाप्रजापति गौतमीले अब राज्य सुखको महत्त्व गौण एवं नकली थानिसकेकी थिइन् । त्यसैले उनीले गहत्याग गरी त्यागी जीवन बिताउने निर्णय लिई आफ्ना ५०० जना शाक्य राजकुमारीहरू साथ लिई भगवान् बुद्ध समक्ष पुगिन् र त्यागी (प्रव्रजित) जीवन बिताउन अनुमति मागिन् । ३ पटक सम्म पनि उनीले अनुमति माग्न पुगेकी थिइन् । तर भगवान् बुद्धबाट प्रव्रजित हुने अनुमति दिनु भएन भनी ग्रन्थमा उल्लेख गरिएको छ । यस घटनालाई कतिपयले नकारात्मक सोचाई राखी भगवान् बुद्धले नारी जातीलाई प्रव्रजित जीवनमा सहभागी बन्न स्वीकार गर्नु भएको र भिक्षु आनन्दको आग्रहको कारणले मात्र नारीहरूलाई प्रव्रजित जीवनमा सहभागी बन्ने अनुमति दिनुभएको हो भन्ने गलत धारणा व्यक्त गरिएको पनि पाइन्छ ।

तर सकारात्मक दृष्टिले हेर्ने हो भने हामीले यस विषयमा भन्नसक्छौं –

बुद्धकालिन समय पनि पुरूष प्रधान समय नै हो जातीपातीको भेदभावको साथसाथै लिंगभेद भएको समाज पनि हो । तर भगवान् बुद्ध प्रकृतिको नियमलाई

पालन गर्नु हुने व्यक्ति भएको कारणले उहाँले लिंगभेद र जातीभेदलाई स्वीकार्नु भएको देखिदैन । त्यसैले भगवान् बुद्धले समाजमा मानवकृत यी विकृतीहरू हटाउन थानाथान कोशल ज्ञानको उपाय अपनाउनु भएको देखिन्छ । त्यसैले उहाँले जातीभेद हटाउनकोलागि शुरू शरुमा नीच जाती कहलिएका मानिसहरूलाई प्रव्रज्या गर्नुभएन । उच्चकुलिन व्यक्तिहरू र उच्च जातका व्यक्तिहरूलाई मात्र पहिला प्रव्रज्या गर्नु भएको देखिन्छ । यस कार्यले ती व्यक्तिहरूले त्यागी जीवनमा रही बुद्ध शिक्षा गहन रुपमा अध्ययन र अभ्यास गर्दै यसरी थाहा पाए – यस संसारमा जातपातको भेदभाव प्रकृतीले होइन मानिसहरूको संकुचित एवं स्वार्थपूर्ण विचारले उब्जाएको भावना मात्र हो भनेर । यसरी समाजमा विस्तारै जातीभेदको कुप्रथा सिथिल हुँदै गए । जातिभेदलाई विस्तारै पन्छाउन सक्ने अवस्था आइसके पछि मात्र भगवान् बुद्धले नीच जाती कहलाइएका व्यक्तिहरूलाई पनि विस्तारै प्रव्रजित जीवनमा भित्र्याउन थाल्नु भएको देखिन्छ ।

त्यसरी नै लिंगभेद जस्तो विकृतीमा जकडिएको यस समाजमा पनि शुरु शुरुमा नारी वर्गलाई प्रव्रज्या दिलाउँन नकारात्मक धारणा सृजना गरिरहेको उक्त अवस्थालाई मध्य नगर राखी भगवान् बुद्धले समाजले नारी शक्तिको पहिचान गरोस् भनी महाप्रजापति गौतमीलाई ३ पटक सम्म पनि प्रव्रज्याको अनुमति नदिई फर्काइएकी देखिन्छ ।

जब महाप्रजापति गौतमी सहित ५०० जना नारीहरूले आफ्नो हौसला नत्यागी सहनशीलताको परीक्षामा उत्तिर्ण हुन सफल हुनभयो र निश्वार्थपूर्ण त्याग चेतनाको शक्ति प्रकट गर्न सफल हुनुभयो, तब उहाँहरूले भगवान् बुद्धबाट प्रव्रज्या जीवनमा प्रवेश गर्ने अनुमति प्राप्त गनृ सफल हुनुभयो । यस घटनाले संकुचित धारणामा जकडिएका पुरुष प्रधान समाजका मानिसहरूको हृदयले उहाँहरूको प्रव्रज्या जीवनलाई सहर्ष स्वीकार्न वाध्य भइयो । विरोधाभाष र आरोप प्रत्यारोपको कुनै स्थान रहन सकेन ।

इतिहासको पाना पल्टाउँदा बालुवाका कणहरूको प्रमाणले यस संसारमा बुद्धहरू उत्पन्न भइसकेका छन् भन्ने कुरालाई उल्लेख गरिएका छन् । ती मध्ये २८ जना बुद्धहरूको जीवनी ब्याख्या त बुद्ध वंशमा उल्लेख गरिएकै छन् । २८ जना बुद्धहरूको जीवनी अध्ययन गर्ने हो भने हरेक बुद्धहरूको जीवनीमा उहाँहरूले भिक्षु भिक्षुणी उपासक र उपासिका भनी चतुपरिषद स्थापना गर्नुभएको नै देखिन्छ । यी चतुपरिषदलाई नै बुद्ध शाशन रुपी रथका चार पांग्राको रुपमा लिइएका छन् । कुनै पनि बुद्धको पालामा ३ वटा मात्र पांग्राले बुद्ध शासन रुपी रथ गुडाइएको देखिएको छैन । भगवान् बुद्धलाई तथागत (तथ+आगत) को रूपमा लिइएको छ । यसको मतलब हो – पहिला पहिलाका बुद्धहरूले जसरी शासन चलाउनु हुन्छ त्यसरी नै बर्तमान बुद्ध शासन चलाउनुहुने व्यक्ति ।

त्यसैले शाक्यमुनी बुद्धले मात्र भिक्षुणी शासनको बिरोध गरी महाप्रजाप्रति गौतमीलाई बुद्धशासनमा स्थान नदिने त सम्भव नै छैन । भिक्षु आनन्दको आग्रह नकार्न नसकेको कारणले मात्र महाप्रजापति गौतमीलाई भिक्षुणी शासनमा प्रवेश गराइएको भन्ने धारणाको कुनै मूल्य मान्यता र औचित्य नै देखिदैन । यो सरासर निराधार र वकवास मात्र हो भन्दा अत्युक्ति हुनेछैन । किनभने भगवान् बुद्ध प्रकृती वादि हुनुहुन्छ, उहाँले धर्मको बहकाव र आग्रहलाई मात्र आधार मान्नु हुन्न ।

उहाँले जतिपनि कार्य गरिरहनु भएको छ, ती सबै परिस्थितीको गतिविधि अध्ययन गर्दै, विवेक बुद्धि पुऱ्याई विस्तार विस्तारै सामाजिक क्रान्ति ल्याई समाजको विकृतीहरूलाई हटाउन प्रयोग गर्नुभएको कुशल उपाय मात्र हो भन्दा अत्युक्ति हुनेछैन । भगवान् बुद्धको यस महान कुशल उपायलाई हामीले पनि सकारात्मक ढंगले सोच्ने क्षमता जगाउन सकौं ।

स्मरणिय छ प्रजापति गौतमीले ८० वर्षको उमेरमा त्यस्तो कठिन परिस्थिती उत्पन्न भइरहेको समाजको परवाह नगरी शारीरिक एवं मानविक यातनाको परवाह नगरी नारीहरूलाई प्रव्रज्या जीवन दिलाउन संघर्ष गर्दै आफु सहित अन्य

५०० जना राजकुमारहिरूका साथ यँया:पुन्हीका दिन भिक्षुणी हुनुभई सर्वप्रथम भिक्षुणी हुनुहुने नारी बन्न सफल हुनुभएको थियो । भिक्षुणी बनी ४० वर्ष सम्म धर्म प्रचार गर्नुहुँदै आफुमा रहेका बाकी क्लेशहरू पनि नष्टपारी अरु ५०० का राजकुमारीहरू सहित सकृदागामी, अनागामी र अरहन्तसम्मको ज्ञानका तह प्राप्त गरी ऋद्धि सहित अरहन्त हुनुभएको थियो । तब उहाँ १२० वर्षको उमेरमा वैशाख पूर्णिमाको ६ दिन पछि षष्ठी तिथीका दिन ५०० जना राजकुमारीहरू सहित परिनिर्वाण हुनभएकी थिइन् । उहाँले परिनिर्वाण हुनु अगाडि भगवान् बुद्ध समक्ष परिनिर्वाण हुनका लागि बिदा लिन आउनु हुँदा भगवान् बुद्धले नारी शक्ति विषयमा अरुलाई पनि जानकारी दिनका लागि प्रजापति गौतमीलाई ऋद्धि प्रदर्शन गरेर मात्र परिनिर्वाण हुने आदेश दिनुभएको थियो । यस घटनाबाट पनि थाहा पाउन् सकिन्छ, पुरुष प्रधान समाजमा नारीहरू पनि धर्मको खुड्किला चढ्ने क्षेत्रमा पुरूषहरू समान सक्षम छन् भन्ने कुराको जानकारी भगवान् बुद्धले दिन चाहनु हुन्छ । उहाँको लागि नारी र पुरुषमा कुनै भैदभाव रहेनछ ।

त्यसैले नारीहरूका लागि भिक्षुणी शासनको ढोका खोलिदिनुहुने महाप्रजापति गौतमीको महान् देनलाई प्रव्रजित हुनुहुने सम्पूर्ण नारी वर्गले स्मरण गरी उहाँलाई पूजा गर्न अति आवश्यक देखिन्छ । किनभने भगवान् बुद्धले मंगल सूत्रमा भन्नुभएकै छ –

**"पूजा च पूजनेय्यानं एतं मगलमुत्तमं" ।**

त्यसैले प्रव्रजित गुरुमांहरूको आ-आफ्नो विहारमा प्रजापति गौतमीको प्रतिमा राखी उहाँको प्रव्रज्या दिनलाई स्मरण गरौं । स्मरणिय छ धर्मकीर्ति विहारमा प्रजापति गौतमीको प्रतिमा स्थापना गरी नमूना प्रस्तुत गरिएको छ ।

यसरी प्रजापति गौतमीको गुणानुस्मरण गर्नका लागि सम्पूर्ण प्रव्रजित गुरूमांहरूलाई अन्तर्राष्ट्रिय भिक्षुणी संघले आहवान गरिएको छ ।

भवतु सब्ब मंगलम् ।

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्भन्ति तेसं वूपसमो सुखो**

*जन्म :*
*वि.सं. २००० जेष्ठ ४ गते, सोमवार*



*दिवंगत :*
*वि.सं. २०७८ श्रावण ४ गते, सोमवार*

**दिवंगत प्रा.डा. योग रत्न स्थापित, कालिमाटी, यें**

कुलरत्न ताम्राकार पुचःया दुजः **प्रा.डा. योगरत्न स्थापित** न्ह्यच्यादंया वैशय् थःगु चतुर्महाभूतया शरीर त्याग यानाः परलोक भ्राल । वयकःया गुणानुस्मरण यासे सुगति व निर्वाण कामना यासे पुण्यानुमोदन यानागु जुल ।

**कुलरत्न ताम्राकार पुचः**

**मरु, इलाछें, यें ।**

# धर्मको स्वरूप

जब कोही व्यक्तिले धर्मको मार्गमा म स्वयं अघि बढ्नु पर्छ, विकार विमुक्तिको मार्गमा म स्वयं हिँड्नुपर्छ, चित्त विशुद्धिको बाटोमा मैले स्वयं पाईला बढाउनु पर्छ भन्ने बुझ्दछ तब उसलाई यो कुरा थाहापाउने इच्छा जाग्दछ कि यो मार्ग कस्तो छ र यस मार्गमा कसरी अघि बढ्ने ?

भगवान् बुद्धको जीवनकालमा एकजना बूढी आमाले उहाँलाई सोध्नु भयो कि "भगवान् थोरै शब्दमा मलाई बुझाई दिनुहोस् कि यो मुक्तिको मार्ग भनेको के हो ?

भगवान् मुस्कुराउनु भयो । अरे, मुक्तिको मार्गको विषयमा त सँधै सरल भाषामा नै बुझाउने गर्छु । मानिसहरू आफै अलमलिन्छन् । त्यस मार्गमा हिँडेर स्वयं मुक्त भई सकेको छ भने उसले धर्मको व्याख्या जहिले पनि सरल भाषामा नै गर्दछ । जनताले बुझ्ने भाषामा नै सिकाउँछ, ता कि साधारण व्यक्तिहरूले पनि बुझ्न सकुन् । पहिला त बुझ्नु पर्‍यो, बुझेकै छैन भने बाटोमा हिँड्ने कसरी ? तब भगवान्ले भन्नुभयो लौ एकपटक फेरि तिमीलाई बुझाई दिन्छु । थोरै शब्दमा, सरल भाषामा, जनताले बुझ्ने भाषामा बुझाइदिनु भयो–

**सब्ब पापस्स अकरणं, कुलस्स उपसम्पदा ।**
**सचित्तपरियोदपनं, एतं बुद्धान सासनं ॥**

**एतं बुद्धान सासनं** – बुद्धहरू सबैले यही उपदेश दिनुहुन्छ । बुद्धहरू सबैका यही नै शिक्षा हुन् । सिद्धार्थ गौतम एकजना मात्र बुद्ध बनेको होइन । बुद्ध हुनु कोही एकजना व्यक्तिको मात्र अधिकार होइन । सिद्धार्थ गौतम भन्दा अघि कति बुद्ध भए कति । भगवान् आफैले भन्नुभएको छ, म भन्दा पहिले कति जना बुद्ध भए गिन्ती छैन र म भन्दा पछि पनि थाहा छैन कति जना बुद्ध हुनेछन् । चित्तलाई नितान्त निर्मल गरेर जसले आफू भित्र बोधि जगाउँछ, ऊ नै बुद्ध बन्दछ । बुद्ध भयो भन्नाले शुद्ध भयो, मुक्त भयो । यस्तो व्यक्तिले यही नै उपदेश दिनेछ – **सब्बपापस्स अकरणं** - सबै प्रकारका पाप कर्मबाट बच्नु । पाप कर्म गर्नुबाट अलग रहनु, अकुशल कर्मबाट टाढा रहनु । **कुसलस्स उपसम्पदा** - कुशल कर्म संग्रह गर्नु । कुशल कर्म गर्ने काममा लागीरहनु ।

पाप कर्म देखि टाढा रहनु, पाप कर्म गर्नुबाट बच्नु र **सचित्तपरियोदपनं** – आफ्नो चित्तलाई निर्मल गर्दै रहनु, सफा गर्दै रहनु । केवल माथिल्लो सतह मात्र सफा गरेर रह्यो, चित्तको पींधसम्म सफा गरेन, त्यहाँ मैलो बाँकी रह्यो भने '**परियोदपनं**' भएन । चित्तको परिधि सम्म, चित्तको सारा क्षेत्र धोएर सफा गर्नुपर्छ ।

पहिलो त शील हो - **सब्बपापस्स अकरणं** - सबै प्रकारका अकुशल कर्मबाट बच्नु । दोस्रो समाधि हो - **कुसलस्स उपसम्पदा** - कुशल कर्मको संचित उही ब्यक्तिले मात्र गर्न सक्दछ जसको चित्त कुशल कर्म गर्न एकाग्र हुन्छ – **कुसलचित्तस्स एकग्गता** । यही नै सम्यक समाधि हो । चित्तलाई केवल एकाग्र गर्नु पनि समाधि नै हो तर त्यो मिथ्या पनि हुन सक्दछ, हानिकारक पनि हुन सक्दछ । समाधि सम्यक भयो भने नै सही समाधि हुन्छ र त्यही कुशल चित्तको एकाग्रताबाट नै हुन्छ । **सचित्तपरियोदपन** आफू भित्र प्रज्ञा जगाएर, अनुभवद्वारा ज्ञान जगाएर, चित्तको सम्पूर्ण भागलाई सफा गर्नु, पखाल्नु पर्छ तब नै शील, समाधि र प्रज्ञा भयो । बस केवल शील, समाधि, प्रज्ञा - शील, समाधि, प्रज्ञा - यस बाहेक अरू छैन । जंजालमा कसैले हामीलाई अल्झाउन सक्छ, कुनै दार्शनिक मान्यताको जंजालमा हामीलाई अल्झाउँद । कुनै साम्प्रदायिक मान्यताले बाँध्ने कोशीश गर्दछ – यस्तो हो भने ऊ बुद्ध होईन, त्यो बुद्धको शिक्षा होईन, ऊ स्वयं आफू मुक्त भएको छैन ।

जो बुद्ध बन्दछ ऊ दार्शनिक मान्यताहरूबाट अलग हुन्छ । उनको आफ्नो छुट्टै दार्शनिक मान्यता हुँदैन । मान्यता के को ? केबल मान्नु, मान्नु छ, मान्नु मात्र छ । जान्ने काम नै हुँदैन । बुद्ध हो भने जान्ने काम हुन्छ । सत्यलाई थाहा पाउने । केवल मान्ने मात्र होईन । जान्ने कुरा आउँछ । जानेको कुरालाई मान्यो भने त कल्याण भयो तर नजानिकन मान्यो भने अल्झिने कुरा भयो ।

यी तीनवटा चरण - शील, समाधि, प्रज्ञा; सार्वजनीन कदम हुन् । जोसुकैले नि गर्न सक्छन् । यस मार्गमा जो कोही नि हिँड्न सक्छन् । चाहे आफूलाई कुनै नामले पुकारून् । यो कोही बौद्धले मात्र गर्नुपर्छ भन्ने होइन, यो कोही हिन्दुहरूले मात्र गर्नसक्छ भन्ने होइन, यो जैनहरूले मात्र गर्न सक्छ, सिक्खहरूले मात्र गर्न सक्छ, ईसाई, मुसलमानहरूले मात्र गर्न सक्छ भन्ने होइन । यो धर्म हो, त्यसैले सबैको हो ।

अब शील-सदाचार पालन गर्ने कुरामा कसले विरोध गर्न सक्छ र ? आफ्नो मनलाई वशमा राख्नु, निर्मल भएको

मनलाई आफ्नो वशमा पार्नु, यसको विरोध कसले गर्छ र ? आफ्नो अनुभूतिको ज्ञान, आफ्नो अनुभवले जानेको ज्ञान, आफ्नो प्रज्ञाले चित्तलाई नितान्त निर्मल गर्नु; यसमा कसले विरोध गर्छ र ? यसमा विरोध गर्नुपर्ने कुरा नै कहाँ छ र ? शील, समाधि, प्रज्ञा सार्वजनीन हो । यो कुनै एउटा सम्प्रदायले बाँधेर बाँधिने कुरा होइन । यसमा सारा धर्म समेटिएको छ । **केवलं परिपुण्णं** – परिपूर्ण धर्म, अब यसमा अरू केही जोड्नु आवश्यक नै छैन ।

शीललाई पालन गर्नु, चित्तलाई निर्मल गर्दै एकाग्र गर्नु र त्यस एकाग्र चित्तद्वारा चित्तको सम्पूर्ण क्षेत्रलाई निर्मल गर्नु । यतिमा नै सारा धर्म समेटिएको छ । **केवलं परिपुण्णं** – परिपूर्ण छ । यस्तै प्रकारले **केवलं परिसुद्धं** – परिशुद्ध नै परिशुद्ध । यसमा कुनै अशुद्ध भन्ने केही छैन, यसबाट हटाउनु पर्ने केही छैन । न यसमा थप्नु पर्ने नै केही छ । यस अर्थमा यो परिपूर्ण छ, परिशुद्ध छ ।

यस मार्गमा अघि बढ्दै जाँदा थाहा हुन थाल्छ कि साँच्ची कै यो मार्ग परिपूर्ण छ । साँच्ची नै परिशुद्ध छ । अब हिँडेकै छैन केवल गफ हानेको छ, केवल वाद-विवाद गरेको छ, केवल झगडा गरेको छ, केवल बहस गरेको छ । यसरी कहाँ हुन्छ र ? धर्मलाई कसरी बुझ्छ र ? जीवनको सबै समय अलमलमा नै बिताउने छौं । दुर्भाग्यले वास्तवमा यहाँ यही कुरा भईरहेको छ । धर्मको चर्चा पनि धेरै हुन्छ, वाद-विवाद पनि धेरै हुन्छ तर मार्गमा हिँड्ने काम भने हुँदैन । मार्ग त स्पष्ट छ – शील पालन गर्नु । शील पालन गर्नका लागि मन वशमा गर्नुपर्छ । मन वशमा राखेर पनि पुग्दैन, निर्मल पनि हुनु पर्छ । मनलाई राग बिहीन, द्वेष बिहीन, मोह बिहीन गर्नुपर्छ । विकार विहीन गर्नुपर्छ । यसरी मन परिशुद्ध हुन्छ । यी कुरा त कति स्पष्ट छन्, सीधा छन्, सरल छन् । यदि यसलाई पालन गरेन, अघि बढेन भने के हुन्छ ? कुनै पनि बाटोमा बर्षौंसम्म हिँडेन, केवल त्यसको चर्चा नै चर्चा मात्र गरेर बस्यो भने त्यो बाटो विस्तारै हराउँदै जान्छ । जबसम्म बाटोमा हिँडिनेछ तबसम्म त्यो बाटो कायम रहन्छ । मान्छे हिँड्न छाड्यो भने त्यो बाटो हराउँछ । त्यो बाटोमा घाँस, पात उम्रिन थाल्छ, बिरूवाहरू उम्रिन थाल्छन् । पछि-पछि त खोज्यो भने पनि पत्ता लाग्दैन कि बाटो कहाँ थियो ? बाटो कस्तो थियो । मान्छे हिँड्न नै छाडिसके । अब त्यहाँ साँप, किरा फट्याङ्ग्रा हुन्छ, जंगली जनावर चर्न थाल्छ । त्यहाँ जान पनि डराउँछन्, किनकि त्यो बाटो हिँड्न नै छाडिसके ।

फेरि देशमा महापुरुष उत्पन्न हुन्छ र शुद्ध धर्म बुझाउनु हुन्छ । केबल बुझाउने मात्र होइन, हिँड्न सिकाउँछ । एक पाईला, एक-एक पाईला गर्दै । यसैका लागि तपोभूमिहरू बन्दछ । मार्गमा कसरी हिँड्ने ? यो विद्या सिक्नका लागि केवल प्रवचन सुनेर मात्र हुँदैन । केवल किताब पढेर मात्र हुँदैन । यसका लागि पहिला पहिला एउटा स्वस्थ्य परम्परा हुने गर्दथ्यो । अब फेरि यो परम्पराको शुरुआत भएको छ । पहिला यस्ता तपोभूमिमा गएर नै यस्ता विद्याहरू सिक्नुपर्ने हुन्छ । किनकि एक त त्यहाँको वातावरण धर्मको वातावरण अनुकूल हुन्छ जहाँ काम गर्न सजिलो हुनेछ । भन्नु त सजिलो छ, शीलको पालन गर्नु । हामी घरमा बसेर पनि शीलको पालन गर्नसक्छौं भन्न त सजिलो छ । त्यस गहिराईसम्म पुगेर मनको अपरेशन गरेर निर्मल गर्ने तरिका सिक्नु छ । शील यस विद्याको आधारशिला हो, जग हो । यदि जग नै कमजोर छ भने विपश्यना विद्याको सारा भवन भत्किने छ ।

जब कुनै ध्यानकेन्द्रमा गएर अभ्यास गर्न थाल्ने छौ तब त्यहाँको वातावरणको कारणले पाँच शील पालन गर्न निक्कै सहज हुनेछ । त्यसपछि त्यहाँको कार्यक्रममा यति ब्यस्त हुनेछौ कि पाँच शील पालन गर्न कुनै कठिनाई नै हुनेछैन । शील राम्ररी पालन गरेन भने समाधि सम्यक हुने छैन । कुनै एउटा शील कमजोर भयो, कुनै एउटा शील भंग भयो भने साधनाको जग हल्लिन थाल्छ । अब मिथ्या समाधि भईहाले पनि, चित्तको एकाग्रता भई हाले पनि **कुसलचित्तस्स एकागगता** – कुशल चित्तको एकाग्रताबाट वञ्चित रहने नै भयो ।

त्यसैले त्यस्तो अनुकूल वातावरणमा रहेर शील पालन गर्नुपर्छ । चित्तलाई कुशल गर्दै एकाग्र गर्नु सिक्नु पर्छ पछि प्रज्ञा पूर्वक काम गर्नु पनि सिक्ने छौ । यी सबै काम तब सफल पूर्वक गर्न सकिने छ जब यहाँ जस्तो बतायो त्यस्तै गरिन्छ । त्यसमा आफ्नो तर्फबाट केही पनि जोड्नु हुँदैन र आफूले त्यसबाट केही घटाउनु पनि हुँदैन । त्यसैले जो ब्यक्ति यस्ता ध्यान केन्द्रहरूमा तपस्या गर्न आउँछन्, कुनै पनि विपश्यना ध्यान केन्द्रमा तपस्या गर्न जान्छन् तब उसले एउटा कुरा राम्ररी बुझेको हुनुपर्छ कि यहाँ म यो विद्या सिक्नको लागि आएको छु । यो भारतको अति पूरानो शिक्षा हो । यो २००० वर्षसम्म लुप्त थियो त्यसैले आजकल नयाँ शिक्षा जस्तो ठानिएको छ । कसैलाई लाग्न सक्छ कि यहाँ त मेरो आफ्नो मान्यताका कुराहरू त कतै उल्लेख भएकै छैन, हाम्रो दार्शनिक मान्यताका कुरा किन समावेश गरिएन

? हाम्रो कर्मकाण्डका कुरा कहाँ गए ? यस प्रकारका हजारौं प्रश्नहरू साधकको मनमा आउँछन् । तर आफूले एउटा निर्णय गर्नुपर्छ कि म यो विद्या सिक्न आएको हूँ । यहाँ जे सिकाइन्छ म त्यही मात्र गर्छु । तब न्याय पूर्वक अभ्यास गर्न सकिन्छ र पूर्ण समर्पित भावले काम गर्न सकिन्छ ।

यस विद्या प्रति समर्पित भएर दश दिनसम्म काम गर्नु । दस दिनसम्म यस विद्यालाई अपनाएर हेर्‍यो त्यसपछि त हर व्यक्ति आ-आफ्नो मालिक भयो, स्वतन्त्र भयो । यो विद्या ठीक लाग्यो, युक्तिसंगत लाग्यो, न्यायसंगत लाग्यो, कल्याणकारी लाग्यो, आफ्नो लागि पनि कल्याणकारी अरूका लागि पनि कल्याणकारी छ भन्ने लाग्यो भने स्वीकार गर्ने हो । ठीक लागेन भने स्वीकार नगर्ने । हुनसक्छ केही पटक दोहोर्‍याई अभ्यास गर्‍यो, फेरि पनि ठीक लागेन भने स्वीकार नगर्नु । तर दश दिनसम्म पूर्ण रूपले समर्पित भावले काम गर्नुपर्छ । जस्तो सिकाइयो, त्यस्तै गर्नुपर्छ ।

एउटा उदाहरण दिएर बुझाउने कोशीश गर्छु । एकजना मान्छेसंग सेतो घोडा थियो । अर्को साथीसंग कालो घोडा थियो । दुबैले आफ्नो घोडालाई खूब ट्रेनिङ्ग दियो । दुबै त्यत्तिकै असल । अब कालो घोडा हुनेले सेतो घोडा हुनेलाई भन्यो, यो घोडा हाँकेर हेर्नु । तर त्यो मान्छे आफ्नो घोडा छोड्न चाहँदैन र भन्छ, म दुबै घोडा चढ्छु । एउटा खुट्टा मेरो घोडामा र अर्को खुट्टा तेरो घोडामा राखेर हाँक्छु । यस्तो गर्‍यो भने त खतरा भयो नि ।


अब अर्को एउटा उदाहरण दिन्छु । एकजना मान्छे जहिल्यै आफ्नो डुङ्गाबाट यात्रा गर्दथे । कसैले अर्को डुङ्गा ल्यायो । यो त आरामले र तेज चल्छ, एकपटक चलाएर हेर्नु । यो धेरै आरामदायी छ । हुन्छ चलाएर हेर्छु तर एउटा खुट्टा मेरो डुङ्गामा राख्छु अर्को खुट्टा तेरो डुङ्गामा राख्छु । यस्तो गर्‍यो भने त ज्यादै खतरनाक हुने भयो नि । यो भन्दा पनि खतरनाक कुरा त विपश्यनाको मार्गमा, शुद्ध धर्मको मार्गमा अघि बढ्ने व्यक्तिले यसमा केही जोडेर केही घटाएर अभ्यास गर्न खोज्यो भने हुन्छ । आफ्नो हानी गर्ने भयो । यसैले राम्ररी बुझ्नु आफ्नो सुरक्षाको लागि, आफ्नो भलाईको लागि जति कुरा यहाँ सिकाइन्छ, त्यति मात्र गर्नु । त्यो भन्दा कम पनि होईन, बढी पनि होईन । जति भनेको छ त्यति मात्र गर्छु । न यसबाट केही निकाल्छु न यसमा केही थप्छु । यति समर्पित हुनु पर्छ । तब मात्र यसको प्रति पूरा न्याय गरेर काम गर्न सकिन्छ । पूरा न्यायका साथ यो मार्ग कस्तो हो या विद्या कस्तो हो जान्न सकिन्छ ।

मनको गहिराईसम्म पुगेर विकारहरू निकाल्ने जुन विद्या हो त्यसलाई सिक्नका लागि निरन्तर अभ्यास गर्नु अति आवश्यक पर्दछ । घरमा बसेर कसरी निरन्तर अभ्यास गर्न सकिन्छ र ? यस्ता शिविरहरूमा शिविरका आफ्नो अनुशासन संहिता छन्, आफ्नै नियमहरू हुन्छन् । ध्यान भूमिको आफ्नो नियम छन् । मौन रहेर ती नियमहरूलाई पालन गर्‍यो भने नै निरन्तरता आउन सक्छ । यहाँ सबै भन्दा ठूलो नियम भनेको त आर्यमौन हो । आजकल यो शब्दको वास्तविक अर्थ नै बिर्सिसक्यो । मौन भनेको त सायद सबैले बुझ्छन् होला, मुखले केही नबोल्नु । आर्यमौन भनेको के हो त ? यो मुखले मात्र नबोली बस्नु होईन । संकेत गरेर पनि नबोल्नु, ईशारा गरेर पनि नबोल्नु, आँखाले ईशारा गरेर पनि नबोल्नु । तब नै आर्य मौन हुन्छ ।

यो मनलाई मौन गर्ने विद्या हो । मनको कति कुरा गर्ने बनेको छ । मौन भयो भने नै निर्मल गर्न सजिलो हुन्छ । थोरै समय ध्यान गर्‍यो फेरि कसैसंग कुरा गर्न थाल्यो । फेरि ध्यान बस्यो भने भर्खर कुरा गरेका सम्बन्धी कति धेरै विचारहरू मनमा आउन थाल्छ । त्यसैसंग जोडेर कति धेरै विचारहरू लगातार मनमा कुद्न थाल्छन् । यस पछि मन झन चञ्चल बन्दछ । जोसंग कुरा गरेको हो ऊ पनि त साधक नै हो नि । ध्यान केन्द्रमा त सबैजना ध्यान गर्न नै आएका हुन्छन् । अब जो ध्यान गर्न आएको छ उसका लागि पनि खाना दिएको झैं भयो । ऊ पनि ध्यान गर्न बस्यो त मनमा कुरा खेलिहाल्छ । यस्तो अवस्थामा कसरी ध्यान हुन्छ ? त्यसैले आर्यमौन पालन गर्नु जरूरी छ । यो काम घरमा बसेर सम्भव हुँदैन ।

त्यसैले विद्या सिक्नका लागि ध्यानकेन्द्रमा दश दिन बस्नु पर्ने हुन्छ । एकपटक सिके पछि बिहान - बेलुकि घरमा रहेर अभ्यास गर्न सकिन्छ, यसरी नै काम गर्दै यस मार्गमा अघि बढ्दै जानेछ । एक-एक पाईला गर्दै आफ्नो चित्तलाई निर्मल गर्दै आचरणहरू जीवनमा उत्रिँदै जान्छ । तब बुझ्नु कि यो मङ्गलको मार्ग हो, कल्याणको मार्ग हो । स्वस्तिको मार्ग हो, मुक्तिको मार्ग हो । शुद्ध धर्मको मार्गमा जो व्यक्ति आउँछन् उनको मङ्गल नै मङ्गल हुन्छ, कल्याण नै कल्याण हुन्छ । स्वस्ति नै स्वस्ति हुन्छ । मुक्ति नै मुक्ति हुन्छ । ■

*(साभार : 'विपश्यना' पत्रिका, २०७८ जेठ, वर्ष ३८, अङ्क २)*



# स्वेतगौं चैत्य (Shwedagon Pagoda)



**– जवनवती गुरुमां**
धर्मकीर्ति विहार

बर्माया इतिहासया पाना पुईका यंकल धाःसा थ्व स्वेतगौं चैत्य बुद्ध उत्पन्नं लिपा संघ हे मदुनिगु अवस्थाय् स्थापना यानातःगु चैत्य धकाः सिद्धार्थ कुमारं गृहत्याग याना बिज्यानाः बोधिबृक्ष सिमाक्वय् बुद्धत्व प्राप्तिं लिपा सप्त सप्ताह च्वनाबिज्याना च्वंगु अवस्थाय बर्माया रामञ्ञ राज्य उकल्लाप प्रान्त पोक्खरवती सहर बासी द्वैवाचक शरण गमन वंपिं ब्यापारी (बन्जाः) दाजुकिजापिं तपुस्सक भल्लिकपिसं स्थापना याना वंगु धैगु उल्लेख जुयाच्वंगु दु । थ्व बन्जाः दाजु किजापिसं बुद्धयात नापलाःगु अवस्थाय् भिक्षु संघ धकाः मदुनिगुलिं बुद्ध व धर्मया जक शरण वंगुलिं दकले न्हापां द्वैवाचक शरण गमन वंपिं उपासकपिं खः ।


न्हापा बन्जाःत समुन्द्रपारयानाः ब्यापार याःवनीगु चलनचल्ति दुथें, थ्व बर्माया रामञ्ञराज्य उकल्लाप प्रान्त पोक्खरवती सहरबासी बन्जाः दाजुकिजापिं तपुस्सक व भल्लिकपिं थःपिनि ब्यापार ज्याया निम्तिं मज्झिमदेश धयागु भारत (India) पाखे जहाजे न्यासः गाडा जायेक सामान तयाः बोधिमण्डप बुद्धगया पाखे ब्यापार याःवंगु जुयाच्वन ।

वहे ईले गौतम बुद्धनं बुद्धत्व बोधिज्ञान प्राप्तयानां बिज्यानाः बोधी मण्डपे सप्त सप्ताह च्वना बिज्यायेगु भ्वले अजपाल बोधिबृक्ष सिमाक्वय् सप्ताह करणयाना बिज्यानाच्वंगु जुयाच्वन । थ्व खँ बन्जाः दाजु किजापिनि न्हापाया जन्मे मां जुई नंम्ह छम्ह देवता वयाः "लोके बुद्ध उत्पन्न जुई धुंकल । वस्पोल बुद्ध अजपाल बोधिबृक्ष सिमाक्वय् सप्ताह करणयाना बिज्यासे विराजमान जुया बिज्यानाच्वंगु दु ।" वस्पोलयात दर्शनयानाः उपदेश न्येनेत सल्हा, सुभाव व खवर ब्यूगुलिं इपिं निम्ह दाजुकिजापिनि तसकं श्रद्धा उत्पन्न जुयाः हर्ष पूर्वकं वस्पोल शास्तायात दर्शन यायेत अजपाल बोधिवृक्ष सिमाक्वय् वनाः वस्पोलयात दर्शनयानाः थःपिसं ज्वना वयागु सतु कस्तिं ग्वाराचिनाः दान बियाः वस्पोलया धर्म उपदेश न्यन । वस्पोलया उपदेशं अतिकं चित्त प्रसन्न प्रफुल्लित जुल । दृढविश्वास अगाढ श्रद्धा उत्पन्नजुयाः अनसंतुं बुद्ध व धर्मया शरण वनाः दकले न्हापां बुद्ध व धर्मया शरणे वंपिं द्वैवाचक उपासक जूगु जुल ।

बन्जाः दाजुकिजापिं बुद्ध व धर्मया शरणं लिपा अतिकं प्रसन्न जुयाः थःगु देशय् च्वंपिन्त गथेयानाः विश्वास याके फै धयागु मतिइ वनाः भगवान्शास्ता जिमिसं छल्पोलयात नापलाना वयागु लोके सर्वज्ञ बुद्ध उत्पन्न जुल धयागु सिइके बियाः विश्वास याकेत छुं चि बिया बिज्याहुँ" धकाः प्रार्थना यात । वस्पोल तथागत बुद्धं थुपिं ब्यापारी दाजुकिजापिनि पाखेँ सुवर्णभूमि नां जुयाच्वंगु थ्व बर्मा देशय् धर्म प्रचार जुइगु खनाः थःगु जव ल्हातं छ्यनय् पियाः ल्हाते वःगु च्यापु केशधातु बिया बिज्यात । वहे च्यापु केशधातुयात मुख्यरुपं प्रतिस्थाया नाप नापं न्हापायापिं बुद्धपिनिगु परिभोग यानाबिज्यागु बस्तुत नं दुने गर्भे तयाः स्थापना यानातःगु चैत्य स्तूप खः ।

खयतला अप्पो धयाथेँ विहारे भायाच्वंपिं दातापिं बर्माय् वने धुंकूपिसं स्वेतगौं चैत्यया दर्शनयाये धुंकल । तर तीर्थयात्रा वनीगु ईलय् समयया अभावया कारणं याकन याकन दर्शनयानाः वनेमालीगुलिं यानाः चैत्ययाबारे बांलाक स्वये सिइके मखं । छचाः निचाः चैत्य परिक्रमण चाःहिली स्वाँ, फलफूल, नवकम्म आदि दातव्यवस्तु दानयाई अले चैत्य दर्शनयायेगु ज्या भ्व सिधई । मेगु थासे वनेत हथाय् जुईगुलिं खः ।

अथेला जि थन बर्माय् च्वनावयागु यक्व वर्ष दये धुंकल । तर जिमिसं नं स्वेतगौं चैत्यया बारे गुलि दुग्यंक सिइकेमास्तिवःसां सिइकेगु मौका मदयाच्वन । जिपिंनं विद्यार्थी जीवन, न्ह्याबलें वंसां ईलेहे विहारे ल्याहाँ वये मालिगु, उकिसनं कक्षानं दयाच्वनीगु जुयाः तीर्थयात्रीपिंथें हे याकन वनेगु, दर्शन यायेग, ईलेहे विहारे लिहाँ वयेगु



*बहुसंख्यक बौद्ध धर्ममा आस्था राख्ने जनता रहेको देश बर्मामा स्वेतगौं चैत्य*

जुयाच्वनीगुलिं सिइकेमास्ति वःगु, स्वयेमास्ति वःगु दुग्येक स्वयेत ई हे दैमखुगु । तर वने बले अनया बारे बांलाक सिइके मास्ति वःगु मनला दयाहे च्वंगु दु ।

आः थ्व Covid-19 या समय जुयाच्वंगु । गनं प्याहाँ वने ज्यूगुनं मखु । हानं जाँच नं नकतिनि नकतिनि सिधःगु । क्लाश नं मदुगुलिं स्वेतगौं चैत्यया बारे सिइकेमाल धयागु मतिइवनाः किताब सफूत मालाः ब्वनाः थ्व छकूचा च्वयेत कुतः यानाच्वना ।

स्वेतगौं चैत्य विश्वय् दकले तःग्वःगु व अतिकं प्रशिद्ध आश्चर्यगु चैत्यया रुपय् दुथ्याःगु प्रख्यातगु चैत्य खः । थ्व चैत्य बर्माया रंगून (Yangon) शहरे स्थापना यानातःगु खः । रंगून शहरया नं न्हापा विभिन्न रुपं फेरे फेरे जुया वंगु दुसां थौं कन्हे रंगून धयागु नामं प्रख्यात जुयाच्वंगु दु । थनयापिसं याँकौं धका उच्चारण याइगु खः ।

कौगाउँ (Kan Baun) राज्य कालय् अलाउँदो फया (Alaungh Phaya) ऊ आँऊजयाः जुजुं राज्ययाना च्वंगु ईलय् शत्रुयात त्याकाः शत्रुत मदयेका छ्वयाः ल्वापु ख्यापु मदयाः शान्त यानाः राज्ययागु दगौं धयागु नाँ यात फेरेयाना शत्रु मन्त फुत धैगु अर्थकयाः याँकौं धका नां तयाः राज्य यागु खः । बर्मी भाषय् याँ धयागु ल्वापु ख्यापु शत्रुभाव यात धागु खसा कौं धयागु मदयावंगु फनावंगु यात धाइगु खँः थथे ल्वापु ख्यापु शत्रुत मदयावंगु यात कयाः शहरया नां (रंगून) याकौं जूगु धैगु धापू दु ।

स्वेतगौं भगवान्या जग्गा जमिन तसकं तःकू । चैत्य स्थापना यानातःगु च्वय् परिवेणजक हे १४ एकड (Acre) जमीन जग्गा दु । थनयापिसं थ्व जमीन यात फया वटक म्यैं (Phaya Vatak Mye) भगवानया चैत्यया जग्गा धाइगु चलन दु । थ्व जग्गा भतिचा जमिन स्वयाँ च्वय्ला तःजाःगु द्वंब्वःचाथें च्वय् पाखेलाः थथे तःजाःगु द्वंब्वचाय् स्थापना यानातःगु खः । उकिसनं चैत्यया जाः नं ३२६ फुट दुगु जुयाः थ्व चैत्ययात ताःपाकं निसें दर्शन याये फु ।

थ्व चैत्ययात स्थापनाकालं विभिन्न जुजुपिसं पटक पटक दयेकूगु दु धकाः इतिहासे उल्लेखयानातःगु दुसां जिं

ब्वनास्वयागु लेखय् स्वकः दयेके धुंकल धकाः च्वयातःगु खनेदु । मुख्यला भूकम्पं स्यंगुयात धाःगुथेँच्वं । तर थ्व चैत्य दकले न्हापां ई.पू. ५२८ असार पाखें शुरुयाना फागुपुन्हि खुन्हु सिधल धका च्वयातःगु खने दु । थ्व दकले न्हापां स्थापनायागु तपुस्सक भल्लिक बन्जाः दाजुकिजा व उक्कलाप (Ukkalapa) जुजुपिसं खः । उबले स्वेतगौं चैत्य पीप्यकु (४४ हात) तजाःयानाः दयेकूगु खः । थ्व पहिला स्थापना याना तःगु स्वेतगौं चैत्य भ्वखाचं (भूकम्पं) स्यंगुलिं मौँन (Mon) जुजुपिनि वंशयाम्ह महारानी स्यैँ सोपु (Shin So Pu) व किजाम्ह बंज्याच्याँदो (Banja Kyandaw) पिसं AD1436 सालं मर्मत यानाः दयेकाः दानब्यूगु खः । थ्व निक्वःगु पाले चैत्ययात न्हापां दयेकातःगु स्वयाँ ताजाः यानाः ३०२ फुट थकयाः स्थापनायात दयेकल धकाः उल्लेख यानातःगु दु ।

थथे हानं हानं मर्मतयानाः दयेकूसां क्वय् जगय् थ्यंक उलाः दयेकूगु मखुगु जुयाच्वन । जगं च्वय् न यागु रेलिङ्ग दयेकाः गुबः रेलिङ्ग लानाः बल्लाक, क्वातुक ढलानयानाः तिनि चैत्यया न्हापांगु तगिं शुरु याःगु जुयाच्वन । चैत्यया न्हापांगु तगिं फिन्नादो (Phinadaw) आधार (Base) घेरा वा चक्का १ हजार ४ सय फुट मयाक तचाः । आधार फन्नादोया च्वय्यागु तागिंयात पाँत्येँखौं (Pan Tin Khoun) धाइगु जुयाच्वन । पाँत्येखौं धयागु स्वाँ दिकेगु तयेगु टेबुल, बेन्च धयागु अर्थ खः । अन च्वय्यागु तगिंयात पच्चयां (Pissaya) धाइगु जुयाच्वन । थ्व तगिं तक भन्तेपिं श्रामणेरपिं, दातापिं, उपासकपिं च्वय् थाहाँ वने ज्यू । तर सकसितं अन थ्यंक थाहाँ वनेत स्वीकृती मब्यू । अन थाहाँ वनेया लागि स्वेतगौं चैत्यया कमिटीया अफिसे स्वीकृतीकयाः नागरिकता बियाः नाँ च्वकाः थाहाँ वनेमा । थाहाँ वनेबले नं मोबाईल, क्यामरा इत्यादि च्वय् ज्वना वने मदु । अन चैत्य चाहिले जीक २० फुट ब्यायागु लँ दयेका तःगु दु । भगवान् वन्दनायायेगु, प्रार्थना पूजायायेगुया लागि चीधंगु कोठा छगू नं दयेका तःगु दु । व कोठाय् च्वनाः गुलिंसिया ध्यान च्वनेगु, अधिष्ठानयाना जप यायेगु, परित्राण, बुद्धपूजा यायेत वनीगु खः । अन कोठाय् हिराया मिखातयाः दयेकातःगु मूर्ति स्थापना यानातःगु दु । तर व मूर्तियात च्वय् थाहाँ वंपिसं प्रत्यक्ष दर्शन यायेगु मौका दुसा, च्वय् वनेमफुपिं, वनेमखंपिन्त धकाः भगवान् दुगु थासं क्वय्


**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरुज्झन्ति तेसं वूपसमो सुखो**



*जन्म :*
*वि.सं. १९८१ माघ*

*दिवंगत :*
*वि.सं. २०७८ वैशाख २४ गते*

**दि. गणेशमाया वज्राचार्य, ललितपुर**

जिमि पासा शान्ति वज्राचार्य यलया अनन्त गुणं सम्पन्नम्ह **मां गणेश माया वज्राचार्य** दिवंगत जुयादिल । वय्कःया सुगति कामना यासें याकनहे निर्वाणया हेतु नं चूलाय्मा धकाः कामना यानाच्वना ।

**मन्दिरा ताम्राकार**
**मरु, इलाछेँ, येँ ।**

पूर्वद्वारया न्ह्योने प्रार्थनायायेगु हलया दुने TV न्ह्याबलें क्यनातःगु दु। थ्व भगवान्यात बदम्यासें (Badamya Shin) धकाः धाईगु जुयाच्वन।

आः च्वयावये धुनागु तगिंत स्वंगू फिन्नादो Base, पाँत्येँखौं (Pan Tin Goun) पच्चयां (Pisaya), यागु जाः ३८ फुट भचा मयाक दु। थ्व स्वंगु तगिं मध्ये पच्चयां धयागु तगिंले चिचीग्वःगु चैत्य स्वीप्यंगः नं छचाखेरं स्थापना यानातःगु दु। प्यंगः चैत्य मेगु चैत्य स्वयां भचाः तग्वः। थ्व प्यंगः चैत्य प्यंगू दिशाय् दुगु द्वारया न्ह्योने प्रार्थना यायेगु हल दु। व हलया च्वय् स्थापना यानातःगु खः। मेगु ख्वीगः स्वेमूगु तगिं पच्चयांया सिधे सिधे किनाराय् छचाखेरं स्थापना यानातःगु खः। थव छचाःखेरं चैत्य हंसावती मोँ (Han Tha Wacli Mon) वंशया जुजु बज्यायाँसि (Banjayansi) जुजुं स्थापना याःगु धैगु नं उल्लेख जुयाच्वंगु दु।

थ्वयां च्वय् प्यंगू तगिंयात स्यम्याउँ (Shi Hmjaum) धाइगु जुयाच्वन। स्यम्याउँ धयागु च्याकूँ धकाः धाःगु खः। थ्व तगिं च्याकूँ पिकयाः तल्ला दयेका तःगुलिं स्यम्याउँ धकाः धाःगु खः। थ्व प्यंगू तगिंया जाः च्यप्यंगू (८४) फुटं भतिचामयाः। थ्व तगिंया च्वय्यागु तगिंयात चीवं (Kyi Wun) धकाः धाइगु जुयाच्वन। ची धयागु सिजः, वँ धयागु चल्का (चाकः) जुयाच्वन। थ्व तगिंयात सिजःया अप्पां दयेकातःगु धैगु धापू दु। उकिं थ्व तगिं यात चीवँ धागु जुयाच्वन। थ्व तगिंया च्वय्यागु तगिंयात खाउँलाउँन्हा (Khaun Laun Na) धाइगु जुयाच्वन। खाउँलाउँन्हा धयागु गंया किनारा 'सि' (घण्टाया किनारा) धैगु अर्थ खः। व तगिं गँया किनारा 'सि' डिजाईन यानातःगु जुयाच्वन। वयां च्वय्यागु तगिंयात खाउँलाउँ (Khaun Laun) गँ आकारं दयेका तःगु तगिं जुया खाउँलाउँ धागु जुयाच्वन। बर्मीजतय्सं गँयात खाउँलाउँ Khaun Laun धाइगु खः। थ्व खाउँलाउँ तगिं स्वेतगौं चैत्यया छगू विशेषगु तगिं खः। छाय् धासा भ्री चैत्य स्थापनायायेबलय् गर्भ धकाः जगयाक्वय् छथाय् जक्क दैगु खः। खय्तला थन बर्माय् मेमेगु चैत्य गर्भधकाः छगू जक हे दैगु खः। तर थ्व स्वेतगौं चैत्यय् विशेष रुपं थ्व खाउँलाउँ धाःगु तगिं ले न गर्भधकाः दयेकाः दुने बुद्धमूर्ति, अस्थिधातु, विभिन्न किसिमयागु रत्न लुँ, वहः आदि तयातःगु दगु जुयाच्वन। *क्रमशः ...*

## उपासक बखत बहादुर चित्रकारको गुणानुस्मरण



उपासक **बखत बहादुर चित्रकार** श्रावण २४ गते ९१ वर्षको उमेरमा दिवंगत हुनुभयो। वि.सं. १९८७ मा काठमाडौंमा जन्मनुभएका थेरवाद केन्द्रिय दायक परिषदका अध्यक्ष चित्रकार विभिन्न बौद्ध परिषदमा आबद्ध हुनुहुन्छ।

नेपालमा चलिरहेको पशुपंक्षी बलिप्रथाको अन्त्य गर्नुपर्ने विषयमा लागिपर्नु भएका उहाँ समाजमा आदर्शमय बुद्ध शिक्षा प्रचार गरी समाजसुधार कार्यमा महत्वपूर्ण भूमिका निभाइ रहनुभएका समाजसेवी पनि हुनुहुन्छ।


आनन्दकुटी विहार मुन्तिर रहेको प्राचिन दिप, जुन भन्ते गुरुमांहरू दाह संस्कार गरिने ऐतिहासिक दिप थियो, उक्त दिपलाई नयाँ स्वरुप दिए जस्तै सञ्चालनमा ल्याउनुपर्ने विषयमा जोड दिँदै आउनु भएका उहाँ सक्रिय उपासक हुनुहुन्छ।

२०७८ साल अर्थात् आफ्नो जीवनको अन्तिम घडीसम्म पनि धर्मकीर्ति विहारमा स्थापना गरिएको भिक्षुणी प्रजापती गौतमीको मूर्तिमा रङ्ग लगाउन दिई पुण्यकार्य गर्नु भएको छ।

यसरी ९१ वर्षको बृद्ध अवस्थामा पनि आफूलाई पुण्य कार्यमा अग्रसर गराउँदै दिवंगत हुनुभएका उपासक बखत बहादुरको पुण्य स्मृतिमा उहाँको परलोक जीवन सुगतिमय हुँदै निर्वाणको हेतु पनि प्राप्त होस् भनी पुण्यानुमोदन गरिएको छ। भवतु सब्ब मंगलम्।

*- धर्मकीर्ति विहार*

# शाक्यहरूको स्वर्णयुग



– भुवनलाल प्रधान

बुद्धकालीन शाक्यहरूको सामाजिक, आर्थिक, सांस्कृतिक र धार्मिक जीवनका विभिन्न पक्षहरूमा बौद्ध ग्रन्थ, फा हसीन (ई.३९९–४१३), ह्यु यन त्साङ्ग (ई.६२९–६४३) का यात्रा वृत्तान्त, अश्वघोषका काव्य इत्यादिले प्रर्याप्त प्रकाश पार्दछन् । यी कृतिहरूबाट थाहा भए अनुसार बुद्ध जन्मनुभन्दा केही समय (अर्थात् ई.पू. ५६३) अगाडि र उनको जीवन काल (ई.पू. ५६३–४८३) ताका शाक्यहरू सभ्यताको उच्च शिखरमा पुगेका थिए तथा समृद्धशाली जीवन बिताउँथे ।

ई.पू. ५६३ सालमा भगवान् बुद्ध जन्मने ताका शाक्यहरूको कपिलवस्तु गणराज्य सानै भए पनि समुन्नत र सुसंस्कृत अवस्थामा थियो । त्यस ताका यसको पूर्वतिर शाक्य (वा शाक्यवंश)हरूकै अर्को सानो गणराज कोलीय[२] थियो । यी दुई शाक्य राज्यहरूको साँध छुट्टाउँदा रोहिणी नदी[३] बग्दथ्यो । यो रोहिणी नदी२ आज पनि दक्षिणी नेपालको चुरिया पर्वत श्रृङ्खलाका हात्तिकोट, पोखराछाप आदि इलाकाबाट निस्केर रूपन्देही जिल्लाको बीच-बीच बग्दै भारतको गोरखपुरनिर रापती नदीमा मिसिन्छ । कोलीय राज्यको दक्षिण पूर्वमा मल्लहरूका पावा, कुशीनगर गणराज्यहरू थिए । तिनको पूर्व लिच्छविहरूको गणराज्य थियो । त्यसको दक्षिणपूर्वी भू-भाग गङ्गानदीको किनारसम्म फैलिएको थियो । यो वज्जि अर्थात् लिच्छवि गणराज्यको उत्तरी इलाका कोलीय र विदेह (मिथिला) राज्यसम्म पुगेको थियो । शक्तिशाली मगध राजतन्त्रको भू-भाग मल्ल, वज्जि गणराज्यहरूको दक्षिणदेखि उत्तरमा कोशी किनारसम्म फैलिएको थियो । त्यसको पनि दक्षिण पूर्वमा अङ्ग राज्य थियो । कपिलवस्तुको दक्षिण-पश्चिमी सिमाना राजतन्त्र कोशलसंग जोरिएको थियो । पश्चिमको यो विशाल कोशल अर्को शक्तिशाली राजतन्त्र थियो । यसको उत्तरी सिमाना हिमालयसम्म फैलिएको थियो ।[४] कोशल मगधको बीचमा काशी पर्दथ्यो । कोशलको दक्षिण-पश्चिममा चेदी, वत्स, सूरसेन, मत्स्य र पश्चिममा पाञ्चाल, कुरु, राज्यहरू थिए । यिनीहरू भन्दा पर सुदूर पश्चिम-उत्तरमा गान्धार र कम्बोज थिए । कोशल, वत्सको दक्षिणतिर अश्मक, अवन्ती थिए ।[५]

कपिलवस्तुको उत्तरमा चाहिं असंस्कृति पर्वतीय मंगोलियन[६] मूलका जातिहरू थिए । राजा सिंहहनुका शासन कालमा शाक्यहरूको वैभव देखेर छिमेकको एउटा पर्वतीय जातिले ईर्ष्यावश यहाँ हमला गर्न आएको थियो भन्ने प्रसङ्गबाट[७] रीस डाभिड्स्को उपरोक्त भनाइको पुष्टि हुन्छ । यसरी कपिलवस्तुको उत्तरमा सानसाना स्वतन्त्र राज्यहरू रहेका बुझिन्छन् । भगवान् बुद्ध एक समय पाँच सय भिक्षुहरूका साथ विदेह राज्यमा चारिका गरिरहेको र राजधानी मिथिलामा बस्ने एकसयबीस वर्षीय ब्राह्मण ब्रह्मायुको प्रसङ्गबाट[८] कपिलवस्तु कोलीयको पूर्व वज्जि

२. कोलीय राज्यलाई दी.नि. अर्थकथा, जातक अर्थकथा निदान, महावंशमा शाक्य जनपद भनिएको छ ।

३. जातकानं कलहकथा, धम्मपद अट्ठकथा

४. E.J. Thomas - The life of Buddha, h. 13 & राहुल सांकृत्यायन–पुररात्त्व निबन्धावली पृ.२०-१ वीचको नक्शा ।

५. यहाँ उल्लिखित राज्यहरूमत्तये काशी, कोशल, अङ्ग, मगध; वज्जि, मल्लको चर्चा दीर्घ र मध्यमनिकायहरूमा, चेदी, वत्स, सुरसेन, मत्स्य, पाञ्चल कुरुको चर्चा दीर्घकानिकायमा तथा अश्मक, अवन्ती, गान्धार, कम्बोजको चर्चा अङ्गुत्तर निकायमा गरिएको छ । यी राज्यहरूमा केही हेरफेर जस्तो कि अङ्ग मगधमा, काशी कोशलमा गाभिनु आदि बुद्धकै जीवन काल (ई.पू. ५६३–४८३) मा भइसकेको थियो ।

६. Rhys Davids-- Buddhism, 1912, p.28

७. P.C. Mukherjee-- A Report on a Tour---of Nepal, cal., 1901, reprinted, Delhi in 1969.

८. ब्रह्मायुसूत्रम् मज्झिमनिकाय; भि. अमृता – बुद्धकालीन ब्राह्मण I पृ. १६४

गणराज्यको उत्तरी भूभाग र त्यसको पनि पूर्वतिर विदेह राज्य कायमै रहेको पनि प्रमाणित हुन्छ । यसको राजधानी मिथिला नगर उत्तरमा अवस्थित थियो । विदेह राज्यको अझ पूर्व मगध राज्यको उत्तर–पूर्वी छोर कोशी नदीको किनारसम्म फैलिएको थियो ।[९] यो कोशी नदी आज पनि यथावत नेपाली इलाकाबाट बग्दै भारतीय इलाकामा झर्दछ । कपिलवस्तुको उत्तरस्थित राज्यहरूमध्ये काठमाडौं उपत्यकामा किराँतहरूको बलियो राजतन्त्र रहेको उल्लेख नेपाली वंशावली गर्दछन् ।

यो कपिलवस्तु गणराज्यबाट मगध राज्यको राजधानी राजगृह साठ्ठी[१०] योजन र कोशल राज्यको राजधानी श्रावस्ती पन्ध्र योजन टाढा थियो । शास्ता (=बुद्ध) राजगृहबाट पैंतालीस योजन आएर श्रावस्तीमा घुम्ने गर्दथे । महाभिनिष्क्रमणको भोलिपल्ट बिहान अडेर राजकुमार सिद्धार्थले आफ्ना चिरुवादार र घोडालाई विदावाजी गरेको अनुवैनेय नगर चाहिँ अझ ६ योजन पर पर्दथ्यो । कपिलवस्तुबाट बुद्ध निर्वाण भएको ठाउँ कुशीनगर पैंतीस[११] योजन टाढा थियो ।

यसरी बुद्धकालीन शाक्य राज्यहरू वर्तमान नेपालको होचो पर्वतमाला चुरियाको दक्षिणी फाँटमा अवस्थित थियो र यसको वरपर माथि चर्चा गरिएका साना ठूला राज्यहरू थिए । त्यस ताकाका जनपदहरूमा शासन पद्धति गणतन्त्रात्मक भए पनि जनताबाट छानिएका राजप्रमुख 'राजा' नै कहिन्थ्यो । शाक्य जनपदहरू लिच्छविहरूका वैशाली, मल्लहरूका पावा, कुशीनगर जस्तै प्रजातान्त्रिक[१२] गणराज्य थिए । यिनका राज प्रमुखहरू निर्वाचित हुन्थे ।

भगवान् बुद्धका पिता कपिलवस्तुका शाक्य राजा शुद्धोदन यस्तै राजा थिए । यिनका दुईजना रानी माया देवी र प्रजापति अर्को शाक्य गणतन्त्र कोलीयका राज प्रमुख अञ्जनका छोरीहरू थिए । प्राकृतिक सौन्दर्यले त्यस बेला परिपूर्ण भएको लुम्बिनी उपवन कपिलवस्तु जनपदको अन्तर्गत भए पनि यहाँका र कोलीयका दुबै जनताको लोकप्रिय रमणीय क्रीडास्थल थियो । जसरी देवदहमा दुबै राज्यका जनताहरू लुम्बिनीमा स्वच्छन्द रूपले आएर उपवनको उपभोग गर्दथे । कपिलवस्तुदेखि देवदहसम्म पाँच योजनको दूरी थियो[१३] । लुम्बिनी शालोद्यान राजधानी नगर कपिलवस्तुदेखि डेढ योजन[१४] टाढा थियो ।

कपिलवस्तु राज्यको राजधानी नगर पनि कपिलवस्तु राज्यको राजधानी नगर पनि कपिलवस्तु नै भनिन्थ्यो । जातक अर्थकथा अनुसार कपिलवस्तु नगर १८ हात जति अग्लो परखालले घेरिएको थियो । महावस्तुमा भने सात ओटा परखाल भएको चर्चा भेटिन्छ । राजधानी कपिलवस्तु नगर एक[१५] योजनासम्म फैलिएको थियो । कपिलवस्तु र कोलीय जनपद दुबैको गरेर १,६०,००० कुल (=परिवार) थिए[१६] तर रीस डाभिड्स्ले कपिल वस्तुको जनसंख्या दश[१७] लाख थिए भनेका छन् । कपिलवस्तु जनपदमा राजधानी नगर बाहेक मेदलूम्प, शालीवती, खोमदुस्स, उलुमा, आत्तुमा, नगरक, सामगाम, दीपवत्थु आदि निगमहरू भएको तथ्य त्रिपिटक वा अर्थ कथाहरूबाट थाहा हुन्छ । कपिलवस्तुको नगीचै महावन भनिने एउटा बाक्लो प्राकृतिक वन थियो जहाँ भगवान् बुद्ध र अरू भिक्षुहरू एकान्त वासको आवश्यकता परेको बेला आएर बस्ने गर्दथे । कपिलवस्तु नगरदेखि बाहिर न्यग्रोधाराम कहिने अर्को एउटा आश्रम पनि थियो । यो न्यग्रोधाराम रमणीय थियो भनेर खुद भगवान् बुद्धले भनेका छन् । निर्वाणको केही दिन अगाडि वैशाली छाडेर जाने बेला बुद्धले यस्तो उद्गार व्यक्त गरेका थिए, "आनन्द, रमणीय छ वैशाली, रमणीय छ उदयन चैत्य......रमणीय छ, आनन्द, कपिल वस्तुको न्यग्रोधाराम, राजगृहको गृधकूट......" (महापरिनिर्वाण सूत्र) यसमा कालक्षेम र घटाय शाक्यले भिक्षुहरूको लागि बनाएका विहारहरू थिए[१८] यसबाट श्रावस्तीका जेतवनाराम, पूर्वाराम वा राजगृहका वेणुवना राम जस्ता ठूलठूला विहारहरू नभए पनि शाक्यहरूकहाँ पनि विहारको खाँचो थिएन तथा अनाथपिण्डक, विशाखा वा राजा बिम्बिसार जस्ता ठूलठूला दाता नभए पनि

---

९. रा. सांकृत्यायन – पुरातत्व निबन्धावली, पृ. २०–२१ बीचको नक्शा

१०. राजगहं कपिलवत्थुतो दूरं सट्ठि योजनानि, सावत्थी पन पञ्चदश सत्था राजगृहकोपञ्च चतालीश योजनं, आगन्ता सावत्थियं विहरति (म. निकाय अर्थ कथा १।३।४, रा. सांकृ.-- पुरा. निबन्धा., पृ,२०)

११. महापरिनिर्वाण सूत्र, दीर्घनिकाय । १२. संयुक्त निकाय अर्थकथा । १३. जातक अर्थकथा । १४. संयुक्तनिकाय १।१।४।७

१५. मध्यमनिकाय । १६. मध्यमनिकाय । १७. Buddhism 1912 A.D. १८. म.निकाय. महासञ्ञत सुत्त ।

कम से कम कालक्षेम, घटाय शाक्य जस्ता विहार दान गर्ने श्रद्धालु दाताहरूको अभाव थिएन भन्ने सिद्ध हुन्छ। सामगाममा पौष्करणीय भन्ने विहार थियो।[१९]

मेदलूम्प नगरमा एक वखत भगवान् बुद्ध बसिरहेको बेला कोशलराज प्रसेनजित भेट्न आएका थिए। धर्मचेपतियसुत्त त्यसै बेला देशना गरिएको थियो। यस्तै देवदहसुत्त देवदहमा सामगामसुत्त सामगाममा देशना भएका थिए। शाक्यहरुका कक्करपतन, उत्तरक निगम, हलिद्दवसन, पज्जनिक निगम, कुण्डधान वनमा बुद्ध समय समयमा बसेका थिए।

सरकारी निकायहरू रहने भवन संस्थागार( सन्थागार) कहिन्थे। यी संस्थागाहरू तहतहका थिए। यिनीहरूमध्ये सबभन्दा उपल्लो तह सबभन्दा बढी महत्वपूर्ण थियो। व्यवस्थापिक, प्रशासनिक, न्यायिक र अरु पनि महत्वपूर्ण मामिलासम्बन्धी विचार–विमर्श र निर्णय सन्थागारहरूमा हुन्थे। आवश्यक आदेश–निर्देशनहरू यहींबाट निकलिन्थे।

"........त्यस वखतका राज्यहरू कृषिप्रधान भएको हुँदा यसै भवनमा बसी कस्तो बीउ रोप्ने, कहिले रोप्ने भन्ने इत्यादि कुराको समेत निर्णय गरिन्थ्यो। त्यस बखतका राजाले सन्थागारमा निर्णय भएका कुराहरू कार्यान्वयन गराउँथे। अतएव उनीहरू अतीव जन प्रिय थिए। कोशलराज प्रसेनजितले शाक्य कन्या माग्न पठाउँदा पनि त्यस बारे विचार यही सन्थागारमा गरिएको थियो।[२०] सामगाममा वेधञ्ञा (वैधन्वा) भनिने धनुर्वेदको शिक्षणालय एउटा थियो। यहाँ शाक्य, कोलीय क्षेत्रीहरूलाई सैनिक शिक्षा दिइन्थ्यो।[२१]

खोमदुस्स निगम खोम (=क्षौम अर्थात् सनपाट रेशम जस्तो कपडा) वस्त्रको लागि प्रसिद्ध थियो। खोम कपडाको उत्पादन अधिक मात्रामा गरिने ठाउँ भएकोले नै खोमदुस्स नाउँ रहन गएको हो। यहाँ बुनिएको 'क्षौमातिसि' कपडा मसिनो र किम्मती थियो र यसको मोल चीन पट्ट (चीनको रेशम) र सोवीर पट्ट (सौवीरको कपडा) समान थियो।[२२]

उपरोक्त सन्थागार, विहार, राजदरवारहरू राजधानीमा भव्य र दर्शनीय मानिन्थे। राजदरवार धार्तराष्ट्र कहिन्थ्यो। ललितविस्तरमा यसको भव्यताको वयान गरिएकोछ। यसका ढोका, झ्याल, अट्टालिका आदि विभिन्न अङ्ग अत्यन्त सुन्दर र कलापूर्ण थिए। बुद्ध राजकुमार थिंदा बस्ने पाँच–तले रम्य, सात–तले सुरम्य र नौ–तले शुभ नाउँ गरिएका महलहरू अनुपम स्थापत्य कलाका बेजोड नमूना मात्र थिएनन् अद्‌भूत प्रविधिका उच्च कलाकृति पनि थिए। यी महलहरू वर्ष भरिका भिन्नभिन्नै ऋतुसित सुहाउने गरी वैज्ञानिक ढङ्गले बनाइएका थिए। मुख्य मुख्य ठाउँमा बनाइएका मन्दिरहरूबाट राजदरबारको शोभा बढेको थियो। नियमित रूपले बजाइने बाजाहरूको संगीतले यसलाई अरू बढता आकर्षक र आनन्ददायी पार्दथ्यो।

शाक्य राजधानीको समृद्ध जीवनबारे पठम महानाम सुत्तमा किटानसाथ यसो लेखिएकोछ, "भन्ते, यो कपिल वस्तु नगर, समृद्ध छ, उन्नतशील छ, यो नगरमा धेरै भीड छ, जनाकीर्ण छ, यातायातको भीडले बाटोमा कठिनाइ छ। भन्ते, म भगवान्‌संग अथवा मनोभावनीय भिक्षुहरूसंग सतसंगत गरी साँझतिर कपिलवस्तु नगरमा फर्कंदा हात्ती भएको ठाउँमा पनि जान्न, घोडा भएको ठाउँमा पनि जान्न, रथ भएको ठाउँमा पनि जान्न, न मानिसहरू भएको ठाउँमा नै जान्छु।....."[२३] भगवान बुद्धकै राज परिवारका महानाम शाक्यले व्यक्त गरेकी यस उद्धरणबाट शाक्यहरूको वैभव राम्ररी झल्कन्छ। ई.पू. छैठौं पाँचौ शताब्दीमा शाक्यहरू उन्नतिको शिखरमा पुगेको बुझिन्छ। बगैंचा, सडक, बजार मनगे भएको राजधानी शहरमा घना बस्ती थियो। शहरका चार दिशामा चार ठूलठूला ढोका र बुर्जाहरू थिए। यहाँ सम्पन्न परिवारहरूका महल, धर्मात्माहरूका आश्रम, विद्वान्‌हरूका आश्रयहरूको कमी थिएन। शाक्यहरूको सामाजिक जीवनमा धेरे मानिसहरूको जमघट हुने मेला, पर्व, धार्मिक अवसरहरूले पनि राम्रो स्थान पाएका थिए।

अश्वघोषको बुद्धचरित अनुसार कपिलवस्तुमा गुमजदार ढोकाहरू, बुर्जाहरू थिए तथा वरपरका जग्गाहरूभन्दा अल्लिएका समथरभूमि भएकोले यसको शोभाशानदार थियो।

१९. भि. धर्मरक्षित–एक लेख। २०. धम्मपद अट्ठकथा; भि. अमृता–बु.का. राजपरिवार, पृ. १२७–८।
२१. भि. धर्मरक्षित– '...लुम्बिनी शालोद्यान' शीर्षक लेख। २२. ऐ., ऐ.,।
२३. संयुक्त निकाय; भि.अमृता – बु.का.गृहस्थीहरू I, पृ.२६१–२ बाट

शाक्यहरूको यस्तो वैभव देखेर नै छिमेकका एउटा पहाडी जातिले सिंहहनुको राज्यकालमा यहाँ हमला गरेको थियो । तर तत्कालीन युवराज शुद्धोदनले बहादुरीसाथ लडेर आक्रमणकारीहरूलाई धपाएका थिए ।

राजा शुद्धोदनले पनि आफ्नो समयमा सडक, चौबाटा देवालय, बगैंचा, पोखरी आदि बनाएका थिए । एघार सयवर्षपछि ह्यु यन त्याङ ई.६३५ सालमा यहाँ आउँदा यसको गौरव अधिकांश विलाइसकेको थियो तर पनि उनले शाक्य राज्यको त्यतिको प्रशंसा गरेका थिए ।

यहाँको जनताको मुख्य व्यवसाय कृषि थियो धान रोप्ने याममा कुनै एकदिन राजा र भारदारहरूले समेत रोपाइँमा भाग लिने चलन थियो । भगवान् बुद्ध बालक थिंदा एकपटक यस्तै अवसरमा उनीमाथि पनि रहेको एउटा रुखको छाया नसरेको कथा प्रसिद्ध छ । बेपारमा पनि शाक्यहरूले नाउँ कमाएकै थिए । शाक्य गणतन्त्र पश्चिमतिर श्रावस्तीसंग र दक्षिणपूर्वतिर पावा कुशीनगरसंग मूल बाटोले जोडिएको थियो । बुद्ध कालमा र पछि पनि नामूद राजगृह, वैशाली जस्ता नगरहरूबाट अर्को नामूद नगर श्रावस्ती जाने मुख्य सडक लुम्बिनी–कपिलवस्तु भएर बनेको तथ्य[२४] बाट नै यो इलाका बेपारको केन्द्र रहेको सिद्ध हुन्छ । खोमदुस्समा कपडाको ख्यातिप्राप्त उद्योग रहेको चर्चा माथि भइसकेको छ । संक्षेपमा यो साना शाक्य राज्य स्वावलम्बी र समृद्धशाली थियो । राजभण्डार सुनचाँदीले भरिपूर्ण थियो । यसरी शाक्यहरूको स्वर्णिम दिन बित्दै थियो ।

शाक्यहरूको यो स्वर्ण युग कठिन श्रम, कमारा प्रथा, बाँध प्रथा आदिले रहित भने थिएन । सन्दर्भमा राजकुमार सिद्धार्थ एकदिन बिहान दरवारबाहिर पर डुल्न जाँदा टण्टलापुर घाममा पसीना काढ्दै खेतमा काम गरिरहेका कमारा, कामदार, निर्ममतापूर्वक पिटिंलै जोतिएका बयलहरू तथा मानव जगत र पशु जगतमा पनि बलियाले निर्धालाई गरिरहेको अन्याय, थिचोमिचो आदिको विषय दुष्टिले विरक्तिएको चर्चा उल्लेखनीय हुन्छ ।

शाक्यराज्यका अध्ययन र अध्यापन, पौरोहित्यको पेशा ब्राह्मणहरूले अपनाएको कुरा बौद्धग्रन्थहरूबाट देखिन्छ । शाकयहरूको सामाजिक, धार्मिक कर्मकाण्ड ब्राह्मणहरूबाट चलेको थियो । तर क्षेत्रियहरूले राज्य र सैन्य सञ्चालन गर्ने अधिकार पाएकाले समाजमा उनीहरूको विशेष रुपले सन्मानपूर्ण स्थान थियो । बुद्धयुगमा क्षेत्रियहरूले क्षेत्रियो चित क्षेत्रमा मात्र होइन धार्मिक क्षेत्रमा समेत बाहुनहरूलाई उछिन्दै थिए । त्यस ताका नयाँ नयाँ दर्शनका प्रति पादक एवं प्रभावशाली धर्मगुरुबनिरहेका भगवान् बुद्धको कुल शाक्य र उनीभन्दा अगाडिका जैन धर्मका संस्थापक महावीर वर्धमानको ज्ञातक (भि.स्मिथ अनुसार लिच्छवि) कुल दुबै क्षेत्रिय थिए । यस्ता उदाहरण बाट ब्राह्मणहरूको धार्मिक एकाधिपत्य खुस्किंदै गएको प्रष्ट हुन्छ ।

आक्रामक छिमेकी पर्वतीयहरूलाई शाक्यहरूले शुद्धोदनको नेतृत्वमा वीरतासाथ लडेर धपाएको तथा ह्युयन साङ्गले चारजना शाक्य योद्धाले राजा विडूडभका एउटा सिङ्गै फौजसित मुकाबिला गरेको ठाउँमा चारवटा स्तुप आजसम्म मौजुद छन् भनेर लेखेको तथ्य बाट शाक्यहरू सैनिक शिक्षा, शुऱ्याइँ र रणकौशलमा राज्यको दाँजोमा निक्कै उन्नत थियो भन्ने सिद्ध हुन्छ ।

बुद्ध–युगी समाजमा स्त्रीहरूको अवस्था गिरेको थियो तथा उनीहरू धर्ममा पनि अधिकारबाट वञ्चित देखिन्थे । तर जहाँसम्म शाक्य समाजको कुरा छ महिलाहरू घटिया अवस्थामा रहनु परेको उल्लेख भेटिन्न यहाँ राजगृह, श्रावस्ति आदि महानगरमा जस्तो गणिकाहरू राख्ने प्रथा देखिन्न । बौद्ध संघमा सर्वप्रथम प्रवेश माग्ने र आउने महिलाहरू प्रजापति, यशोधरा, नन्दा आदि पाँचसय शाक्य महिलाहरू नै थिए ।


शाक्यहरूलाई आफ्नो वर्णशुद्धिको ठूलो गर्व थियो । महानाम शाक्यकी कमारी नागमुण्डापट्टिकी छोरी वास भखत्तियालाई ठ्याहा राजकुमारी भनेर कोशलराज प्रसेनजितसंग विवाह गरी दिएको एवं तिनबाट जन्मेका राजकुमार विडूडभले मावलीमा आफूलाई ठयाहा सरह व्यवहार नगरेको चाल पाएपछि कपिलवस्तुलाई ध्वस्त पारेको र मावली खलक शाक्यहरूलाई कत्ले आम गरेको मूलकारण नै कमारी प्रथा र शाक्यहरूको जातीय गर्वको भावना थिए । अन्तिम शाक्य राजा महानामले आफ्ना नाति विडूडसंग बसेर खानुको सट्टा बरू पोखरीमा डुबेर प्राण त्याग गरे ।[२५] ■ *स्रोत- बुद्ध धर्म र शाक्यहरू*

२४. राहुल सांकृत्या–'बुद्धके अन्तिम वर्ष शीर्षक लेख एवं' पुरातत्व निबन्धावली'

२५. धम्मपद अट्ठकथा

# अनन्त ज्योति–४

## ( श्रद्धेय भिक्षु सिङ्ग युनका धर्मचिन्तन जीवन, मेहनत र सद्भावनाका विषयमा )



*अनुवादक-* **देवकाजी शाक्य**

- तृतीय श्रेणीका कानून व्यवसायीहरू खालि आफ्ना कामको पारिश्रमिकबारे मात्र ख्याल गरी घर पुग्ने समयसम्म पनि पर्खन सक्तैनन् ।
- चतुर्थ श्रेणीका कानून व्यवसायीहरू आफ्ना व्यक्तिगत फाइदाको लागि सङ्घर्ष गरी मानमर्यादा र इज्जतसम्म गुमाउँछन् ।

१७

- प्रथम श्रेणीका प्रहरीहरू बहादुर हुन्छन् र जनताप्रति प्रेम प्रकट गर्छन् ।
- द्वितीय श्रेणीका प्रहरीहरू इमान्दार र परिश्रमी हुन्छन् ।
- तृतीय श्रेणीका प्रहरीहरू घडी हेरी हाजिरी जनाउँछन् र यताउति टहलिएर समय काट्छन् ।
- चतुर्थ श्रेणीका प्रहरीहरू डर-धम्की देखाउँछन् र नोकरशाही प्रवृत्तिका हुन्छन् ।

१८

- प्रथम श्रेणीका पत्रकारीताले उत्साहपूर्ण विवरण प्रस्तुत गरी मानिसहरूलाई खुसि तुल्याउँछन् ।
- द्वितीय श्रेणीका पत्रकारीताले वस्तुनिष्ठ एवं राम्रो विवरण प्रस्तुत गर्छन् ।
- तृतीय श्रेणीका पत्रकारीताले अवस्तुगत (विषयगत) अपुष्ट विवरण प्रस्तुत गर्छन् ।
- चतुर्थ श्रेणीका पत्रकारीताले अरूका ध्यानआकर्षण गर्न र प्रशंसा पाउन सत्यलाई बङ्ग्याउँछन् ।

१९

- प्रथम श्रेणीका पसलका बिक्रेता कामदाहरूले ग्राहकहरूलाई पाहुनाको रूपमा व्यवहार गर्छन् र कहिल्यै धोखा दिई ठग्दैनन् ।
- द्वितीय श्रेणीका पसलका बिक्रेता कामदाहरू स्वच्छ हृदयका इमान्दार र दयालु हुन्छन् ।
- तृतीय श्रेणीका पसलका बिक्रेता कामदाहरू व्यवहारमा चिसो र असंवेदनशील हुन्छन् ।
- चतुर्थ श्रेणीका पसलका बिक्रेता कामदाहरू ग्राहकहरूलाई माग्नेजस्तो व्यवहार गर्छन् ।

२०

- प्रथम श्रेणीका गाडी चालकहरू होसियार, स्वच्छ, सफा, कानून पालन गर्ने र शिष्ट हुन्छन् ।
- द्वितीय श्रेणीका गाडी चालकहरू ट्राफिकचिन्ह पालन गर्छन् र सुरक्षित तवरले गाडी हाँक्छन् ।
- तृतीय श्रेणीका गाडी चालकहरू नियमहरू बेवास्ता गर्छन् ।
- चतुर्थ श्रेणीका गाडी चालकहरू संवेगपूर्ण र सनकी खालका हुन्छन् ।

२१

- प्रथम श्रेणीका पर्यटक-पथप्रदर्शकले आफ्नो विषयमा पूरा जानकारी राखेको हुन्छ र पर्यटकहरूमा अभिरुचि राख्छन् ।
- द्वितीय श्रेणीका पर्यटक-पथप्रदर्शक दयालु र खुल्ला चित्तका हुन्छ र सबै कुरा व्याख्या गर्दछ ।
- तृतीय श्रेणीका पर्यटक-पथप्रदर्शकले बहुतै कम जानेको वा केही जानेको हुँदैन र पर्यटकहरूलाई कम ध्यान दिन्छ वा वास्ता गर्दैन ।
- चतुर्थ श्रेणीका पर्यटक-पथप्रदर्शक बुझ्नै नसकिने चिसो र कठोर स्वभावका हुन्छन् ।

*क्रमशः ...*

**धमकीर्ति पत्रिकालाई सहयोग**
**दाता राम बहादुर मानन्धर, साँगा – रु. १५,००/–**



# शाक्यधीता एक छोटो चिनारी

– ताराकेशरी ढुंगाना




*लुम्बिनी स्थित गौतमी विहारमा सम्पन्न गरिएको छैठौं शाक्यधीता अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी विभिन्न राष्ट्रको व्यक्तिहरू*

"शाक्यधीता" एक अन्तराष्ट्रिय महिला बौद्ध संस्था हो । सन् १९८७ (वि.सं. २०४४) मा दलाई लामाको आह्वानमा बुद्धगयामा बौद्ध महिला सम्मेलन सम्पन्न गरिएको थियो । ललभग ४५ राष्ट्रहरूले भाग लिएको उक्त सम्मेलनका प्रमुख वक्ता दलाई लामा हुनुहुन्थ्यो ।

कार्यक्रममा उहाँले बौद्ध भिक्षुणीहरू एवं बौद्ध महिलाहरूले पनि एक संस्था खोल्न प्रोत्साहन गर्नुभएको थियो । कार्यक्रममा उक्त संस्थाको नाम के राख्ने ? भन्ने विषयमा चर्चा हुँदा नेपालबाट सहभागी हुनुभएका बौद्ध महिलाहरू मध्ये भिक्षुणी धम्मवती प्रमुख अन्य महिलाहरूबाट "शाक्य धीता" अर्थात् "बुद्ध पुत्री" राख्दा राम्रो होला भन्न प्रस्ताब राखिएको थियो । सही प्रस्ताब बहुमतले स्वीकार गरी आज सम्म पनि सोही नाम कायम भइरहेको बुझिएको छ यस संस्थाको सचिव त्यस समय कर्म लेकर्स सोमो हुनुहुन्थ्यो ।

संस्था स्थापना भएपछि प्रत्येक दुई वर्षमा अन्तराष्ट्रिय सम्मेलन गर्ने यस संस्थाको विधान र ब्यहोराहरू तयार पारियो । धेरै राष्ट्रहरू सदस्य रहेको यस संस्थाले विधानमा उल्लेख भएअनुसार दुई वर्षमा एकपटक पालो पालो गरी सदस्य देशहरूमा शाक्यधीता अन्तर्राष्ट्रिय सम्मेलन संचालन गरिँदै आएका छन् । उदाहरणको लागि यहाँ केही राष्ट्रहरूको नाम उल्लेख गरिएका छन ।

| साल सन् | राष्ट्र | सम्मेलन संचालन गरिएको पटक |
|---|---|---|
| २००० | गौतमी विहार लुम्बिनी, नेपाल | छैठौं पटक |
| २००२ | ताइपेई | सातौं पटक |
| २००४ | कोरीया, सिउल | आठौं पटक |
| २०१९ | अष्ट्रेलिया | सोह्रौं पटक |

सन् २०२१ मा मलेसियामा शाक्यधीताको अन्तराष्ट्रिय सम्मेलन हुने योजना रहेको कुरा बुझिएको छ ।

शाक्यधीताको प्रमुख उद्देश्यहरू –

(१) प्रव्रजित गुरूमांहरू, भिक्षुणीहरूलाई शिक्षाको सुविधा प्रदान गर्ने । व्यक्तिगत विकासका लागि आवश्यक प्रशिक्षण दिने । Leadership Training दिन र अन्य कार्यक्षमता बढाउने प्रशिक्षण दिने ।

(२) बौद्धिक विकासका लागि आवश्यक ज्ञानहरू दिने ।

(३) बौद्धिक ज्ञान सम्बन्धि पुस्तकहरू प्रकाशन गर्ने ।


(४) बौद्ध ज्ञान सम्बन्धि अनुसन्धान र अन्वेषण गराउने

(५) बुद्धधर्म प्रचार पुरूष गर्न बौद्ध महिलाहरूलाई उत्साहित गराउने ।

सन् २०१२ मा नेपालमा "शाक्य धीता नेपाल" नाम राखी शाक्यधीताको शाखा नेपालमा स्थापना गरिएको छ । उक्त संस्थाको अध्यक्ष मेत्तावती गुरूमां रहनु भएको थियो । हाल उक्त संस्थाको अध्यक्ष इन्दावती गुरूमां रहनुभएको छ ।

"शाक्यधीता नेपाल" हाल सरकारी स्तरमा दर्ता भइसकेको छ । ■

## थ्व नश्वर देश मयल् जितः



**– माधवी गुरुमां**


मयल् मयल् थ्व संसारय् च्वने मयल् ।
थ्व नश्वरगु शरीर घानाः म्वाय् मयल्
सुयां छुं ज्या बीमफय्क पृथ्वीयात बोझ ज्वीक
थः शरीर थम्हं धयाको मदय्क
अनित्य संसार छन्हु निन्हु धाधां न्ह्यानाच्वन
दिन वंगु मचायकाः न्हयाबले ब्यस्त जुयाच्वन
ल्यासेबले छन्ह थथे ज्वीतिनिधकाः लुममं
थौं बुढ्रो जुयाः दुःख जुयाः न्हापाया खँ लुमं
शरीरया अंगत हीन जुया वनाच्वन
न्हायपंनं न्हापाथें तायमदयाच्वन
मिखां न्हापाथें प्रष्ट खनेमदयाच्वन
ल्हाः तुति फुकं याताप्याता वनाच्वन ।
सुख आशा यायां दुःखहे जक वयाच्वन
सुनानं पनेमफु प्रकृत्तयि थ्व अनित्य चलन
यायगु मेगु छुं उपाय मदु थन
दान, शील, व ध्यान हे जक तः धंगु धन ।

***पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु***
***पुण्य (कुशल कर्म) गर्दै जानु ।***
***आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ॥***
***यही नै बुद्धको उपदेश हो ।***

# बिश्व मोटर ट्रेडर्स

**ख–२, ४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।**
**फोन नं.: ०१–४२३८१४७, ९८५१०५११३१, ९८५१०५११४७**
**e-mail: vishwamotor@gmail.com**

**टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्हरूको साथै ब्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस् ।**



# लक्षण जातक

– प्रकाश बज्राचार्य

बाली पाक्ने मौसम आइसकेको हुनाले खेत वरिपरि रहेका वनहरूमा बस्ने जन्तुहरू असुरक्षित भइसकेका थिए । खेत चोर्न आउने चोरहरू, गाउँका ठिटाहरू, शिकारीहरू वनमा पसेर शान्तिप्रिय जंगली जन्तुहरूलाई मार्ने समय त्यही थियो । हातमा भाला, धनुष, दर्छा, गुलेली, पासो लिएर जंगलभित्र चहार्ने मौसम त्यही थियो । ठाउँ ठाउँमा जनावरहरूलाई फँसाउन खाल्डो खनिएका थिए, पासो राखिएका थिए, जाल बिछ्याइएका थिए, काँढाको बार बनाएका थिए । शिकारको मौसम आइसकेको थियो ।

सिधासाधा र राम्रो देखिने मृगहरू नै प्रायः गरी शिकार हुन्थे । मृगहरूको लागि त्यो मौसम काट्न धेरै गाह्रो हुन्थ्यो । ज्यान जोगाउन धेरै मुश्किल हुन्थ्यो । खोजी खोजी, लखेटी लखेटी मृगहरू मारिन्थे ।

मृगहरूको राजालाई यी सबै कुरा राम्रोसंग थाहा थियो । एक हजार मृगहरूको नेता भएकोले ती मृगहरूलाई पनि शिकारी मौसमको शुरुवात हुन लागेको जानकारी दिनु राजा मृगको कर्तव्य थियो । तीमध्ये ५०० मृग जेठो छोरो लक्षणले हेर्थ्यो र अरू ५०० हेर्ने गर्थ्यो कान्छो छोरो काल नाउँको मृगले । दुबै छोराहरूलाई बोलाए उसले, र भने, छोराहरू ! शिकारी मौसम शुरु भइसक्यो । खेतका बाली पाकिसक्यो । यो जंगलमा बसेर अब मृगहरूको ज्यान सुरक्षित रहने छैन । पल्लो डाँडामाथि लुक्न जानु जाति होला । म त बुढो भइसकें, डाँडा चढ्न सक्दिन । तिमीहरू आ-आफ्ना अधीनमा रहेका पाँच पाँच शय मृगहरू साथ लिई पल्लो डाँडामा जाऊँ । केही दिन त्यहीं बस । खेतमा बाली काटिसकेपछि शिकारी मौसम पनि सकिसक्ने छ । त्यतिबेला मात्रै फर्केर आऊ । यसो गरेमा मात्रै मृगहरू शिकारीको शिकार हुनबाट बच्न सकिन्छ ।"

जाति कुरा गर्‍यो बूढोले भन्ने मनमा लाग्यो दुबै छोराहरूलाई । दुबै मृगहरू आफ्ना आफ्ना गण लिएर डाँडामा जान तैयार भए । कान्छो कालमृग चतुर थिएन, दूरदर्शी थिएन । डाँडामा जानलाई जुनपायो उही समयमा जाने गरे । बिहान पनि, दिउँसो पनि, साँझ पनि, बेलुका पनि गाउँकै छेउछेउबाट डाँडातिर लाग्न थाले । त्यो मौसममा मृगहरू जंगल छाडी अन्तै लाग्छन् भन्ने कुरो गाउँलेहरूलाई पनि थाहा थियो । र त्यसैले मृगहरू आउला र मारुँला भनी ढुकी बस्ने शिकारीहरू थुप्रै थिए । कालमृगका अनुयायीहरू मनपरेकोबेला मनपरेको बाटोबाट जंगल छाड्न थालेपछि धमाधम शिकारीको शिकार हुन पुगे ।

जेठो लक्षण मृग बुद्धिमान थियो, दूरदर्शी थियो । आफ्ना अनुयायीहरू लिएर मध्य रातमा जंगल छाड्ने भए । शिकारीहरू हुन्दैनथे, भए पनि अंध्यारोमा शिकार गर्न सकिंदैनथ्यो ।

केही महिना बितिसकेपछि बाली काटीसकेपछि शिकारी मौसमको अन्त भयो । डाँडातिर लागेका मृगहरू पुनः जंगलमा फर्कन थाले । यसपाली पनि मूर्ख कालमृगले आफ्ना पिछलग्गुहरूलाई मनपरे बेला मनपरे ठाउँबाट ल्याए र शिकारीहरूको जालमा फसें । लक्षण मृग आफ्नो गण संगै राती सबै सुतिरहेको बेलामा फर्के ।

बूढो मृगले दुबै छोराहरूलाई देखे । एकजना आफ्नो ५०० मृगहरूको बथान लिई सकुशल फर्केको थियो, अर्को कान्छो मृग आफ्ना ५०० मृगहरू गुमाएर एक्लै फर्केको थियो । मूर्ख भएकोले कालमृगले आफ्नो मृग गण गुमाइसकेको थियो । अब ऊ एक्लो थियो ।

यो जातक कथा भगवान्‌ले देवदत्तको कारणले भन्नुभएको थियो । यसमा बूढो मृग हुने स्वयं बोधिसत्व हुनुहुन्थ्यो । ■



# पट्ठान पाठ सम्पन्न

*२०७८ भाद्र १७-१९*
*स्थान- निर्वाणमूर्ति, किम्डोल विहार, स्वयम्भू ।*

भिक्षुणी धम्मवती गुरुमांको ८८ औं शुभ जन्मोत्सवको शुभउपलक्ष्यमा प्रव्रजित गुरुमांहरूबाट निर्वाण मूर्ति किम्डोल विहारको आयोजनामा प्रव्रजित गुरुमांहरूबाट तीन दिनसम्म (२०७८ भाद्र १७-१९) पट्ठानपाठ सम्पन्न भएको समाचार प्राप्त भएको छ। निर्वाण मूर्ति विहारका प्रमुखद्वय मोलिनी गुरुमां र धम्मविजया गुरुमांको सक्रियतामा वर्षेनि सञ्चालन भइरहेको पट्ठान पाठ कार्यक्रमले यसवर्ष १८ औं वर्षमा प्रवेश गरेको छ ।

यसपालि काठमाडौं उपत्यकाका जम्मा ९ वटा विहारका २४ जना गुरुमांहरूबाट पट्ठानपाठ गरिएको थियो भने अग्गञाणी गुरुमां, विमलञाणी गुरुमां र धम्मविजया




*निर्वाण मूर्ति किम्डोल विहारमा पट्ठान पाठ गर्नुहुँदै प्रव्रजित गरुमांहरू*

गुरुमां गरी तीन जना गुरुमांहरूबाट क्रमशः ३ दिन धर्मदेशना गरिएको थियो । कार्यक्रमको अन्तिम दिनमा विहार संरक्षण समितिका सचिव अमृतमान ताम्राकारबाट कार्यक्रममा सहभागी सबै गुरुमांहरू लगायत चन्दादाताहरू र उपासकोपासिकाहरूलाई साधुवाद र धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

यस पट्ठानपाठ कार्यक्रमका लागि पूज्य धम्मवती गुरुमां र दिवंगत रत्नमञ्जरी गुरुमांबाट प्राप्त आर्थिक सहयोगबाट अक्षयकोष स्थापना गरिएको थियो । उक्त अक्षयकोषबाट प्राप्त ब्याज र दाताहरूको सहयोगमा प्रत्येक वर्षको कार्यक्रममा ३ दिन लगातार सहभागी हुनुभएका उपासकोपासिकाहरूलाई जलपाल भोजन लगायत पट्ठान पाठ र धर्मदेशना गर्नुहुने गुरुमांहरूलाई जलपान ओजन र दान प्रदान गरिँदै आइरहेको छ । ❀

- **"अनर्थ पदले युक्त हजारौं कुराहरू गर्नु भन्दा अर्थपूर्ण एउटा मात्र भएपनि कुरा गर्नु उत्तम छ। जुन कुरा सुनेर शान्ति प्राप्त हुनेछ ।"**
- **"अनर्थ पदले युक्त हजारौं गाथाहरू सुन्नु भन्दा अर्थपूर्ण गाथा एउटै मात्र भएपनि सुन्नु उत्तम हुनेछ। जुन गाथा सुनेर शान्ति प्राप्त हुनेछ ।" – *धम्मपद***

# नेक्खमी गुरुमां सम्मानित



*माधवी गुरुमांबाट अभिनन्दनपत्र ग्रहण गर्नुहुँदै नेक्खमी गुरुमां*

अन्तर्राष्ट्रिय भिक्षुणी संघको आयोजनामा आयोजित एक कार्यक्रममा मिति २०७८/०५/०५ शनिवारको दिन नेक्खमी गुरुमांलाई सम्मान गरियो । जो कोही प्रव्रजित (महिला) प्रव्रजित भएको ५० वर्ष पूरा भइसकेपछि संघले सम्मान गर्ने कार्यक्रम अन्तर्गत आफ्नो प्रव्रजित जीवन ५० वर्ष पूरा गर्नु भएकी नेक्खमी गुरुमांलाई कोविदको कारणले गर्दा ZOOM मार्फत सम्मान गरियो ।

सुमंगल विहारका कार्यवहाक प्रमुख श्रद्धेय पञ्ञारत्न भन्तेले पञ्चशील प्रार्थना गराउनु भई सुरु गरिएको उक्त कार्यक्रममा महासुखी गुरुमांले खादा र फूलमालाद्वारा श्रद्धेय माधवी गुरुमां र नेक्खमी गुरुमांलाई स्वागत गर्नुभएको थियो । महा सुखी गुरुमांले सम्मानित व्यक्तित्व नेक्खमी गुरुमांको जीवन प्रस्तुत गर्नुभयो । उक्त कार्यक्रममा अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष श्रद्धेय धम्मवती गुरुमांले परित्राण पाठ गर्नुभई आशीर्वचन दिनुभएको थियो । मा. कृषा गुरुमांले सम्मानपत्र वाचन गरिसकेपछि अखिल नेपाल भिक्षु महासंद्धका महासचिव माधवी गुरुमांले नेक्खमी गुरुमांलाई सम्मानपत्र प्रदान गर्नुभयो । कार्यक्रममा संघको तर्फबाट उपहार पनि प्रदान गर्नुभयो ।

उक्त कार्यक्रममा श्रद्धेय पञ्ञारत्न भन्तेले नेक्खमी गुरुमां योगदान सहित आशीर्वचन दिनु भएको थियो । उक्त कार्यक्रममा सम्मानित व्यक्तित्व श्रद्धेय नेक्खमी गुरुमांले आफ्ना श्रद्धेय गुरुहरूको गुणलाई स्मरण गरी मन्तव्य व्यक्त गर्नुभयो । कार्यक्रमको अन्त्यमा अखिल नेपाल भिक्षुमहासंघका सहसचिव ञाणवती गुरुमांले धन्यवाद ज्ञापन गरी सामुहिक पुण्य अनुमोदन गरी कार्यक्रम समापन गर्नुभएको थियो ।

## नेक्खमी गुरुमां कार्यक्रममा प्रस्तुत गरिएको छोटो परिचय

माता चिरिमाया शाक्य र पिता हर्ष मुनी शाक्यको कोखबाट वि.सं. १९८३ चैत्र द्वादशीका दिन नकबहिल पाटनमा जन्मनुभएकी नेक्खमी गुरूमांको गृहस्थ नाम आशा कुमारी शाक्य थियो

वि.सं. २०२८ साल बैशाख कृष्ण अष्टमीका दिन धुलिखेल स्थित पूर्वाराम विहारमा श्रद्धेय रत्न ज्योती महास्थविर भन्तेको **उपाध्यापत्त्वमा** र दान पारमी गुरूमांको आचार्यत्त्वमा ४० वर्षको उमेरमा उहाँ नेकखमी गुरूमांको नामले प्रव्रजित हुनुभएको थियो ।

हाल उहाँ गुरूमां इतिराज महाविहार इलायवहीमा बस्दै आउनुभएको छ । बुद्ध शिक्षा अध्ययन गर्ने सिलसिलामा उहाँले बि.सं. २०५३ सालमा सद्धम्म कोबिद परीक्षामा उत्तिर्ण हुनभई "सद्धम्म कोविद उपाधी" हासिल गर्नुभएको छ । तत्पश्चात् उहाँले श्री यशोधरा बौद्ध परियत्ति शिक्षालयमा २० वर्ष सम्म अध्यापन गर्नु भएको थियो ।

बुद्ध शासन चिरस्थायी गर्ने कार्यको लागि अमूल्य योगदान पुर्‍याउनु भएको बावजूद उहाँलाई विभिन्न संघ संस्थाहरूबाट (योगदान र सेवाको कदर गर्दै) उहाँलाई तल उल्लेखित विभिन्न संस्थाहरूबाट विभिन्न मितिमा अभिनन्दन गरिएको थियो

१) बि.सं. २०६९ मंसिर १३ गते - धर्म विजय पदनम् गणमहाविहार ।
२) बि.सं. २०७४ बैशाख २७ गते बुद्धबार - आनन्दकुटी विहार ।
३) बि.सं. २०७६ मंसिर ११ गते शनिबार - विश्वशान्ति बिहार बानेश्वर ।

उहाँ प्रव्रजित हुनुभएको अवस्थामा अत्यन्त कठिनाई भोग्नुपरेको कुरा उल्लेख गर्नुहुने नेक्खमी गुरूमांले अति दुःख कष्ट भोग गरी शुरू गरिएको प्रव्रजित जीवन र उहाँ आफूले गरेको धार्मिक सेवाहरू स्मरण गर्दै प्रफुल्लित बन्ने गर्नुहुन्छ ।

आफूले सक्दो पुण्य कार्य गर्नुहुँदै प्रव्रजित जीवन बिताउनु भएकी नेक्खमी गुरूमांको ५० औं वर्षिय प्रव्रजित जीवन पूरा भएको उपलक्ष्यमा उहाँको अमूल्य सेवालाई कदर गर्दै अन्तराष्ट्रिय भिक्षुणी संघको तर्फबाट उहाँलाई अभिनन्दन गरिएको छ । ❀

## एकपल्ट विचार विमर्श गरौं

१) जहाँ नित्य सुगति मार्ग रहन्छ, त्यहाँ राग, द्वेष रहँदैन ।
२) जहाँ आस्था र सत्यता रहन्त, त्यहाँ पापिस्त र दुष्टता रहँदैन ।
३) जहाँ न्याय र निस्था रहन्छ, त्यहाँ छड्के जालझे रहँदैन ।
४) जहाँ धैर्य र कर्मशीलता रहन्छ, त्यहाँ विघ्नबाधा रहँदैन ।
५) जहाँ शाहसिक एकता रहन्छ, त्यहाँ कुदृष्टि र भेदभाव रहँदैन ।
६) जहाँ वल, वीरता रहन्छ, त्यहाँ नीच कायरता रहँदैन ।
७) जहाँ सत्कार र सम्मान रहन्छ, त्यहाँ तिरस्कार आवाज रहँदैन ।
८) जहाँ सही मावता रहन्छ, त्यहाँ दैत्य दानव रहँदैन ।
९) जहाँ सेवा र करूणा रहन्छ, त्यहाँ छुवाछुत कुरा रहँदैन ।
१०) जहाँ सुख, शान्ति रहन्छ, त्यहाँ विद्रोह विरोधी रहँदैन ।
११) जहाँ मेल मिलाप रहन्छ, त्यहाँ संघर्ष र शत्रुभाव रहँदैन ।
१२) जहाँ स्वच्छ राजनीति रहन्छ, त्यहाँ भ्रष्टाचार र तस्करी रहँदैन ।
१३) जहाँ प्रभात र प्रकाश रहन्छ, त्यहाँ लोडसेडिङ अन्धकार रहँदैन ।
१४) जहाँ खुसी र आनन्द रहन्छ, त्यहाँ व्यथा र चित्कार रहँदैन ।
१५) जहाँ शुद्धता र स्वरूप रहन्छ, त्यहाँ विकार र विरूप रहँदैन ।
१६) जहाँ मान मर्यादा रहन्छ, त्यहाँ बेइमान र अपमान रहँदैन ।
१७) जहाँ विश्वास सद्भाव रहन्छ, त्यहाँ शंका र शंकुचित रहँदैन ।
१८) जहाँ सम्यक दृष्टि रहन्छ, त्यहाँ नास्तिकता रहँदैन ।
१९) जहाँ अनाशक्ति रहन्छ, त्यहाँ दुःख कहिले पनि रहँदैन ।
२०) जहाँ शील स्वभाव रहन्छ, त्यहाँ बेइमानी रहँदैन ।
२१) जहाँ सद्धर्म धर्म गुण रहन्छ, त्यहाँ साम्प्रदायिक दंगा रहँदैन ।
२२) जहाँ जीवनमा विवेक विचार रहन्छ, त्यहाँ अशान्ति र दंगा रहँदैन ।
२३) जहाँ सम्यक् समाधि भावना रहन्छ, त्यहाँ थिनमिद्ध रहँदैन ।
२४) जहाँ सत्पुरूष सद्संगत रहन्छ, त्यहाँ एक्लोपन जिन्दगी रहँदैन ।
२५) जहाँ मिथ्या दृष्टिको मोड फेर्नेछ, त्यहाँ परम्परागत कुसंस्कृति मान्यता रहँदैन ।

*संग्रह- **उपासक नाती महर्जन,** पुच्व, यल*

**प्रमादवस (पञ्चकाम सुखमा भुली बेहोशी बन्ने व्यक्तिहरू) परस्त्री गमन गर्ने व्यक्तिको गति चार प्रकारले बन्छन् – अपुण्य लाभ हुनेछ । – सुखपूर्वक सुत्न सक्दैन । – अरुले निन्दा गर्नेछन् । – नर्करूपी दुःख भोग गर्नुपर्नेछ ।**

**यसको साथै अपुण्य लाभ भई दुर्गतीमा पतन हुनेछ । आफ्नो कुकर्मको कारणले डराइरहनु पर्ने अवस्थामा परिरहेका यस्ता व्यक्तिलाई झन्झन् डराइरहनु नै पर्ने स्थिति सृजना हुन थाल्छन् । स्त्रीहरूसंग अल्परति हुने स्थिति सृजना हुन थाल्छ । राज्यबाट ठूल्ठूला भय आउने छ । त्यसैले मानिसहरूले परस्त्री गमन नगर्नु राम्रो ।**

# गुंला पर्व (२०७८ साल श्रावण २५ – भाद्र २३)
## बुद्ध पूजा र धर्मदेशना

| क्र. सं. | मिति | बुद्ध पूजा गर्नुहुने गुरुमांहरू | धर्मदेशना गर्नुहुने गुरुमांहरू |
|---|---|---|---|
| १ | श्रावण २५ गते, सोमबार | पञ्ञावती | पञ्ञावती |
| २ | श्रावण २६ गते, मंगलबार, द्वितीया | दानवती | दानवती |
| ३ | श्रावण २७ गते, बुधबार, तृतीया | खेमावती | खेमावती |
| ४ | श्रावण २८ गते, बिहीबार, चतुर्थी | त्यागवती | त्यागवती |
| ५ | श्रावण २९ गते, शुक्रबार, पञ्चमी | मेत्तावती | मेत्तावती |
| ६ | श्रावण ३० गते, शनिवार, षष्टी | केशावती | केशावती |
| ७ | श्रावण ३१ गते, शनिबार, सप्तमी | इन्दावती | इन्दावती |
| ८ | श्रावण ३२ गते, सोमबार, अष्टमी | सुवण्णवती | सुवण्णवती |
| ९ | भाद्र १ गते, मंगलबार, संक्रान्ति | क्षान्तिवती | क्षान्तिवती |
| १० | भाद्र २ गते, बुधबार, एकादशी | वीर्यवती | वीर्यवती |
| ११ | भाद्र ३ गते, बिहीबार, द्वादशी | पञ्ञावती | पञ्ञावती |
| १२ | भाद्र ४ गते, शुक्रबार, त्रयोदशी | केशावती | केशावती |
| १३ | भाद्र ५ गते, शनिबार, चतुर्दशी | खेमावती | खेमावती |
| १४ | भाद्र ६ गते, आइतबार, गुंपुन्हि | पञ्ञावती | धम्मवती |
| १५ | भाद्र ७ गते, सोमबार, पारु | दानवती | दानवती |
| १६ | भाद्र ८ गते, मंगलबार, द्वितीया | त्यागवती | त्यागवती |
| १७ | भाद्र ९ गते, बुधबार, तृतीया | मेत्तावती | मेत्तावती |
| १८ | भाद्र १० गते, बिहिबार, चतुर्थी | इन्दावती | इन्दावती |
| १९ | भाद्र ११ गते, शुक्रबार, पञ्चमी | वीर्यवती | वीर्यवती |
| २० | भाद्र १२ गते, शनिबार, षष्ठी | सुवण्णवती | सुवण्णवती |
| २१ | भाद्र १३ गते, आइतबार, सप्तमी | क्षान्तिवती | क्षान्तिवती |
| २२ | भाद्र १४ गते, सोमबार, अष्टमी | दानवती | दानवती |
| २३ | भाद्र १५ गते, मंगलबार, नवमी | पञ्ञावती | पञ्ञावती |
| २४ | भाद्र १६ गते, बुधबार, दशमी | जवनवती | जवनवती |
| २५ | भाद्र १७ गते, बिहिबार, एकादशी | केशावती | केशावती |
| २६ | भाद्र १८ गते, शुक्रबार, द्वादशी | मेत्तावती | मेत्तावती |
| २७ | भाद्र १९ गते, शनिवार, द्वादशी | इन्दावती | इन्दावती |
| २८ | भाद्र २० गते, आइतबार, त्रयोदशी | खेमावती | खेमावती |
| २९ | भाद्र २१ गते, सोमबार, चतुर्दशी | त्यागवती | त्यागवती |
| ३० | भाद्र २२ गते, मंगलबार, औंशी | अमता | अमता |
| ३१ | भाद्र २३ गते, बुधबार, पारु | वीर्यवती | वीर्यवती |

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



## दि. लक्ष्मी देबी रञ्जित, टेकु

*जन्मः वि.सं. १९९१ वैशाख चौथी*
*दिवंगतः वि.सं. २०७८ भाद्र २२ मंगलबार*

अनन्त गुणले सम्पन्न हाम्री माता लक्ष्मी देबी रञ्जित बि.सं. २०७८ भाद्र २२ गते दिवंगत हुनुभयो । अनित्य, दुःख र अनात्म स्वभाव भएको यस संसारलाई मनले बुझ्न नसकेसम्म सहन कठिन हुँदो रहेछ । यस दुःखद घडीमा हामीलाई मैत्री पूर्वक धैर्य धारण गराउनुहुने र हाम्री ममतामयी आमालाई श्रद्धाञ्जली व्यक्त गर्नुहुने सम्पूर्ण साथीभाईहरु, नाता कुटुम्ब लगायत इष्टमित्रहरूलाई साधुवाद एवम् धन्यवाद व्यक्त गर्दछौं । दिवंगत हुनुभएकी हाम्री आमाको गुणानुस्मरण गरी उहाँलाई सुगति कामना गर्दै निर्वाणको हेतु पनि प्राप्त होस् भनी आशिका गर्दछौं ।

*छोरा बुहारीहरू :*

**कुमार दाश रञ्जित – रोशनी रञ्जित**
**अरोज दाश रञ्जित – अंजूली रञ्जित**

*छोरी ज्वाइँहरू :*

**शर्मिस्था उदाश – ज्ञान दर्शन उदाश**
**गृहस्था रञ्जित – सूर्यमान रञ्जित**

*बहिनी :*

**निलू नेपाल**

*नाती, नातिनी ज्वाइँहरू र बुहारीहरू :*

**निलदास रञ्जित – सुनिता रञ्जित**
**विपूल उदाश – श्रेशा शाक्य**
**श्रद्धा रञ्जित (खड्का) – सृजन खड्का**
**श्रृष्टि रञ्जित (कार्की) – आशिष कार्की**
**श्रोता रञ्जित (श्रेष्ठ) – विनय श्रेष्ठ**
**सुमना रञ्जित (महर्जन) – रोशन महर्जन**
**सुप्रिया रञ्जित (श्रेष्ठ) – अशिम श्रेष्ठ**
**शिवानी रञ्जित (मल्ल) – शुशील मल्ल**

*नाती, पनातीहरू :*

**आभिक रञ्जित (खड्का), एञ्जल खुशी महर्जन, आभान्सी रञ्जित (श्रेष्ठ), अनिभ जगत कार्की, कुशल दाश रञ्जित, रोज महर्जन, मायसा रञ्जित (कार्की), इनाया रञ्जित (कार्की) तथा सम्पूर्ण रञ्जित परिवार ।**

**टेकु मचली, का.म.पा. वडा नं. १२**

# साधुवाद !



## दिवंगत रूपशोभा तुलाधर, ताहाचल

*जन्म: बि.सं २००१ चैत्र ४ शनिबार, चौथी*

*दिवंगत: बि.सं. २०७६ भाद्र २४ मंगलबार, द्वादशी*

धर्मकीर्ति पत्रिका वर्ष ३९ अङ्क ६ को रंगीन कभर पेज प्रेम सुन्दर तुलाधर सपरिवार ताहाचल काठमाडौंबाट उहाँका परिवार सदस्य दिवंगत **रूपशोभा तुलाधरको पुण्य स्मृतिमा धर्मदान** गरिएको छ। धर्मदान गरी सञ्चय गरिएको पुण्य शक्तिले दिवंगत हुनुभएकी उपासिका रूपशोभा तुलाधरको सुगति एवं निर्वाण कामना गरी पुण्यानुमोदन गरिएको छ । साथै दाता प्रेम सुन्दर तुलाधर सपरिवारको आयु आरोग्य एवं निरोगी कामना गर्दछौं । यसको साथै दाता परिवारले बुद्ध शिक्षालाई समयमा नै अभ्यास गरी आ-आफ्नो जीवन सफल पार्न सकुन् भनी कामना गर्दै धर्मदानको लागि साधुवाद ब्यक्त गरिएको छ ।

## धर्मकीर्ति पत्रिका परिवार, धर्मकीर्ति विहार

श्रीघः नःघः, काठमाडौं

मुद्रक: न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं • फोन: ४५३३९२९, ४५३४८५० • e-mail: newnepalpress011@gmail.com